जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ४७ • २०८२ साल असार २२ गते आइतबार (6 July, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भारत प्रवेश गर्ने बंगलादेशी नागरिक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल हुँदै भारत प्रवेश घुसपैठ गर्न खोजेका एक बंगलादेशी नागरिकलाई पक्राउ गरिएको छ । भारत-नेपाल सीमानाकास्थित वीरगञ्ज-रक्सौलको मैत्री पुल नजिकै भारतीय सीमा सुरक्षा बल (एसएसबी) बंगलादेशी नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्ने व्यक्ति बंगलादेशको ढाका, कुमिल्ला निवासी करिब ५० वर्षीय सैयद इकबाल अहमद रहेको भारतीय एसएसबिले जनाएको छ ।

वैध भिसा वा अन्य कागजात बिना नै भारततर्फ जाने क्रममा एसएसबीको गस्ती टोलीले शंकाका आधारमा उनलाई नियन्त्रणमा लिएको थियो । उनलाई रक्सौलको अध्यागमन कार्यालयमा राखी प्रारम्भिक अनुसन्धान भइरहेको एसएसबीले जनाएको छ ।

एक भारतीय सुरक्षा अधिकारीले समक्ष अहमदले दिएको प्रारम्भिक बयानमा आफू ढाकाबाट काठमाण्डु हुँदै वीरगञ्जको बाटोबाट भारत प्रवेश गर्न लागेको दाबी गरे । प्रहरीलाई दिएको जानकारी अनुसार, उनी उत्तर प्रदेशको लखनउ स्थित दारुल उल मदरसामा कार्यरत बंगलादेशी शिक्षक जुबेर आलमलाई भेट्न जान लागेको र त्यसपछि अजमेर जाने योजनाको खुलासा गरेका छन् ।

भारत र पाकिस्तानबीचको द्वन्द्वपछि नेपालतर्फको सीमानाका कडाइ गरिएको छ ।

### मनिहारीमा कार्यालय स्थापना गर्न माग

# राजर्षिजनक विश्वविद्यालय भवन निर्माणमा एमाले बाधक

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका पूर्वउपसभापति तथा प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिले राजर्षिजनक विश्वविद्यालयको भवन निर्माणमा नेकपा एमाले बाधक रहेको आरोप लगाएका छन् ।

जनकपुरधाममा शनिबार आयोजना गरिएको पत्रकार सम्मेलनमा पूर्वउपप्रधानमन्त्रीसमेत रहेका नेता निधिले नेकपा एमाले धनुषा निर्वाचन क्षेत्र नम्बर ३ र क्षेत्र नम्बर ४ बाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरूले विश्वविद्यालयको भवन निर्माणमा अवरोध गरिरहेको आरोप लगाए ।

धनुषा क्षेत्र नम्बर ३ बाट एमालेकी जुलीकुमारी महतो र क्षेत्र नम्बर ४ बाट रघुवीर महासेठ प्रतिनिधिसभा सदस्य छन् ।

कांग्रेसका तत्कालीन मन्त्री महन्थ ठाकुरको नेतृत्वमा विश्वविद्यालय स्थापनार्थ कार्यदल गठन भएको उनले स्मरण गरे । विश्वविद्यालय स्थापनाका लागि ठाकुरले खेलेको भूमिकाको उनले स्मरण गर्दै प्रशंसा गरे ।

सो विश्वविद्यालय स्थापनाका लागि प्रयास सुरू गर्दा जनकपुरधामकै केही बुद्धिजीविहरूले विरोध गरेको उल्लेख गर्दै नेता निधिले भने, 'तर धेरै उतारचढावका बावजुद सम्भव भएको छ ।'

नेता निधिले संसद विघटन भएको अवस्थामा आफू शिक्षामन्त्री छँदा अध्यादेशमार्फत राजर्षिजनक विश्वविद्यालय स्थापनाका लागि कानुन बनाएको उल्लेख गरे ।

उनले नेपाल सरकारको स्वामित्वमा सञ्चालन हुने भनेर ऐनमै उल्लेख भएको राजर्षिजनक विश्वविद्यालयमात्र रहेको जानकारी दिए । जनकपुरधामस्थित राराब क्याम्पसका प्राध्यापकहरूले दिएका सुझाव अनुसार राजर्षिजनक विश्वविद्यालयको ऐन बनाइएको उनले बताए । राराब क्याम्पस आधार क्याम्पस हुने भनेर राजर्षि विश्वविद्यालयको ऐनमै उल्लेख भए पनि हालसम्म यस अन्तर्गत आउन नसक्नु दुःखद रहेको निधिले बताए ।

संसदबाट राजर्षि विश्वविद्यालय स्थापनाको निर्णय हुँदा मुलुकमा प्रजातन्त्र बहाली भएजस्तै आफूलाई खुशी लागेको उनले बताए ।

शरूमा मुजेलियामै विश्वविद्यालयको मुख्य कार्यालय स्थापना गर्ने प्रयास गरिए पनि त्यहाँ विभिन्न कार्यालयहरू रहेकाले सम्भव हुन नसकेको स्मरण गरे ।

मुजेलियामा सम्भव नभएपछि विश्वविद्यालय भवन निर्माणका लागि हाल नगराईन नगरपालिकाको फुलगामास्थित मनिहारीमा गुठी अधिनस्त जग्गा छुट्याइएको निधिले जानकारी दिए ।

मुजेलियामा रहेको स्थानीय प्रशिक्षण केन्द्र र सडक विभाको जग्गामा विश्वविद्यालयको केन्द्रीय कार्यालय राख्ने स्थापना कालमै निर्णय भएको थियो । तर नेता निधि भौतिक पूर्वाधार विकास मन्त्री भएको बेला त्यसबाट ४ बिघा जग्गा सशस्त्र सीमा सुरक्षा बलको कार्यालय निर्माणका लागि उपलब्ध गराएका थिए । विश्वविद्यालयको केन्द्रीय कार्यालयलाई त्यहाँ बनाउन नदिने उद्देश्यले सो जग्गा सशस्त्र प्रहरीलाई दिएको थियो । जटही बोर्डरमा हुनुपर्ने सशस्त्र प्रहरीको कार्यालयलाई जनकपुरधामको पनि उत्तर तर्फ राख्ने निधिले निर्णय गराएको आरोप छ ।

छ लेन सडक र भन्सार कार्यालयसमेत स्थापना हुने क्रममा रहेको जटहीमा नै सशस्त्र प्रहरीको कार्यालय स्थापना गरी सडक र प्रशिक्षण केन्द्र समेतको सम्पूर्ण जग्गा विश्वविद्यालयलाई दिनुपर्नेमा विवाद देखिएको छ ।

के हो विवाद ?

राजर्षिजनक विश्वविद्यालयको भवन निर्माणका लागि जनकपुरधामको छिमेकी नगराईन नगरपालिकाको फुलगामास्थित मनिहारी भन्ने ठाउँमा गुठी अधिनस्त जग्गा लिजमा लिइ विश्वविद्यालय भवन निर्माण गर्ने सम्झौता भइसके पनि निर्माण कार्य अगाडि बढ्न सकेको छैन ।

विश्वविद्यालयका उपकुलपति डा. अमरप्रसाद यादव केही राजनीतिक दलका नेताहरूको दबाब र प्रभावमा परी निर्माण कार्य अगाडि बढाउन नचाहेको बताइएको छ ।

विश्वविद्यालय स्रोतका अनुसार कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव आफ्नो निर्वाचन क्षेत्र नम्बर ४ मा पर्ने मुजेलियामा भवन निर्माणका लागि उपकुलपति यादवमाथि दबाब दिइरहेका छन् ।

केही दिनअघि कांग्रेस धनुषाका सभापति योगेन्द्र पंजियारको नेतृत्वमा ध्यानाकर्षणपत्र बुझाउन गएका जिल्ला नेताहरूसमक्ष उपकुलपति यादवले राजनीतिक दबाबका कारण विश्वविद्यालय भवन निर्माण प्रक्रिया अगाडि बढ्न नसकेको बताएका थिए । यद्यपि उनले कुनै राजनीतिक दल र नेताको नाम लिएनन् ।

हाल जनकपुरधाम-८ मा भाडाको घरमा सञ्चालन भइरहेको विश्वविद्यालयको आफ्नै भवन बनाउन केही अघि गुठी संस्थानसँग सम्झौता भएको छ ।

विश्वविद्यालय व्यवस्थापन र गुठी संस्थान केन्द्रीय कार्यालयबीच भवन निर्माणका लागि गत वर्ष सम्झौता भएको हो। वार्षिक ५ लाख रुपैयाँ केन्द्रीय गुठी संस्थानलाई तिर्नेगरी विश्वविद्यालय भवन निर्माणका लागि मनिहारीमा ९ बिघा १४ कठ्ठा १३ धुर जग्गा प्राप्त गर्ने सम्झौता छ ।

विश्वविद्यालय भवन निर्माणका लागि बजेटको समेत अभाव नरहे पनि उपकुलपति यादव राजनीतिक दबाबमा परेर निर्माण कार्य अगाडि बढाउन न चाहेको नेता निधिको आरोप छ ।




## मुजेलियामै विश्वविद्यालय निर्माण गर

**टुडे समाचारदाता**

सहमहामन्त्री महेन्द्र यादव निकट रहेका कांग्रेस मधेश प्रदेश समिति सदस्य बजरंग यादवले शुक्रबार प्रेस विज्ञप्ति निकालेर मुजेलियामै विश्वविद्यालय भवन निर्माण गर्न माग गरेका छन् ।

प्रदेश समिति सदस्य यादवले एक विज्ञप्ति जारी गर्दै राजर्षि जनक विश्वविद्यालय जनकपुरधाममै हुनुपर्ने माग गरे । विश्वविद्यालयको विधानमा पनि जनकपुरधाममै विश्वविद्यालय हुनुपर्ने उल्लेख गरिएकाले यसलाई ग्रामीण क्षेत्रमा नसार्नका लागि उनले आग्रह गरे ।

फुलगामामा सार्दा विश्वविद्यालयको अस्तित्व नै जोखिममा पर्ने भएकाले जनकपुरधाममै जग्गाको व्यवस्थापन गर्नुपर्ने माग सदस्य यादवले गरे ।






# भारतबाट सात किशोरको उद्धार



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको बिहारको मुज्जफरपुरबाट किङ इण्डियाको सहयोगमा मधेश प्रदेशका सात जना किशोरको उद्धार गरिएको छ ।

गत चैत महिनामा अभिभावककै सहमतिमा पैसा कमाउन भारतको लुधियाना जान लागेका पाँच जना र बितेको वैशाख महिनामा भारतको तमिलनाडुको चेनै जान लागेका दुई जनागरी सात जना किशोरलाई भारत बिहारको मुज्जफरपुरबाट उद्धार गरी प्रहरीको रोहबरमा शनिबार परिवारको जिम्मा लगाइएको प्रदेश बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मधेश प्रदेशले जनाएको छ ।

> पैसा कमाउन भारत जान लागेका उनीहरूलाई बिहारको मुज्जफरपुर रेल्वे स्टेसनमा त्यहाँका स्थानीय प्रहरीले नियन्त्रणमा लिएको प्रदेश समन्वय अधिकृत सञ्जिव महतोले जानकारी दिए ।

पैसा कमाउन भारत जान लागेका उनीहरूलाई बिहारको मुज्जफरपुर रेल्वे स्टेसनमा त्यहाँका स्थानीय प्रहरीले नियन्त्रणमा लिएको प्रदेश समन्वय अधिकृत सञ्जिव महतोले जानकारी दिए ।

प्रहरीले सोधपुछ गरी जन्मदर्ता हेर्दा सातै जनाको काम गर्ने उमेर नदेखेपछि उनीहरूलाई प्रहरीले स्थानीय बाल कल्याण समितिलाई जिम्मा लगाएको थियो ।

मुज्जफरपुरका बाल कल्याण समितिले प्रदेश बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मधेश प्रदेशलाई पत्र पठाएर घटनाबारे जानकारी गराएको थियो ।

उद्धार गरी परिवारजनलाई जिम्मा लगाउनेहरूमा सर्लाही जिल्ला विष्णु गाउँपालिकाका १४ वर्षीय दीपक मुखिया, सोही ठाउँका १४ वर्षिय विकि मुखिया, सर्लाही जिल्ला हरिपुर नगरपालिकाका १७ वर्षीय करणकुमार सदा, महोतरी भङ्गहा नगरपालिकाका १४ वर्षीय फेकु सदा, १६ वर्षीय रुपेशकुमार सदा, १७ वर्षीय गोबिन्द सदा र महोतरी जिल्लाको मटिहानी नगरपालिकाका १७ वर्षीय गोविन्द सदा रहेको प्रदेश बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मधेश प्रदेशका प्रहरी सहायक निरीक्षक सुनिलकुमार ओझाले बताए ।

# नाउपाको ठोस निर्णय, जसपा नेपाल अलमल




**टुडे समाचारदाता**

जनकपुरधाम । नागरिक उन्मुक्ति पार्टी (नाउपा) सरकारबाट बाहिरिने भएको छ ।सुदुरपश्चिम प्रदेशमा नाउपाबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रहेका रामेश्वर चौधरीलाई शुक्रवार बर्खास्त गरेका थिए ।

त्यस लगतै शनिबार बसेको पार्टीको संसदीय दलको बैठकले सरकारबाट बाहिरिने निर्णय गरेको अध्यक्ष रन्जिता श्रेष्ठले बताएकी छन् ।

'शनिवार हामी संसदीय दलको बैठक बसेका थियौं,' उनले भनिन्, 'हामी सरकारबाट बाहिरिएर प्रतिपक्षमा बस्ने निर्णय गरेका छौं ।'

पार्टीकी अध्यक्ष श्रेष्ठले शुक्रबार नै सामाजिक सञ्जालमार्फत आफ्ना सांसदहरूको बेइज्जती भएको र सांसदको बेइज्जती पार्टीको हुने भन्दै पार्टीप्रति जनताको विश्वासको अवमूल्यन भएको आरोप लगाएकी थिइन् । उनले अब आफूहरू सदनमा दृढताका साथ प्रतिपक्षको भूमिकामा उभिने समेत बताएकी थिइन् ।

नाउपाबाट अहिले संघीय सरकारमा सांसद अरुण चौधरी संस्कृति, पर्यटन राज्यमन्त्री छन् ।उनले पनि आइतावर नै प्रधानमन्त्री समक्ष राजीनामा बुझाउने श्रेष्ठले बताइन् ।

'उहाँले पनि आइतवार राजीनामा बुझाउनुहुन्छ,' उनले भनिन्, ' त्यसपछि हामी सदनलाई पनि जानकारी गराउँछौं ।'

सुदुरपश्चिममा नाउपाको समर्थनमा नेपाली कांग्रेसले सरकार बनाएको थियो ।एउटा मात्र मन्त्रालय पाएको नाउपाका दुई जनालाई नै सो मन्त्रालयबाट बर्खास्त गरिसकिएको छ ।

नाउपाले द्रुत रुपमा सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेपनि सो भन्दा कयौं दिन पूर्व नै सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय पार्टीको कार्यकारिणी समितिबाट गरेपनि जनता समाजवादी पार्टी( जसपा)नेपालले संसदीय दलबाट हाल सम्म सरकारबाट समर्थन फिर्ता लिएको निर्णय गर्न सकेको छैन् ।

जसपा नेपालको झण्डै दुई हप्ता पूर्व कार्यकारिणी समितिको बसेको बैठकले संसदीय दललाई सरकारको समर्थन फिर्ता लिन निर्देशन दिएको थियो ।

जसपा नेपालको अध्यक्ष समेत रहेका उपेन्द्र यादव नै संसदीय दलका पनि नेता हुन् ।

उनकै अध्यक्षतामा बसेको कार्यकारिणी समितिको बैठकले दिएको निर्देशनलाई संसदीय दलले कार्यान्वयन गरेको छैन् ।

प्रतिनिधि सभामा नाउपाको ४ र जसपा नेपालको ५ जना सांसद छन् ।दुवै दलले समर्थन फिर्ता लिए सरकार दुई तिहाई समर्थनबाट बहुमतमा झर्नेछ ।

प्रतिनिधि सभामा सरकारलाई दुई तिहाई बहुमतका लागि १ सय ८४ सांसद चाहिन्छ ।नाउपा र जसपा नेपालले समर्थन हटाए सरकारसित १ सय ८० जनाको मात्र समर्थन रहने छ ।त्यस मध्ये दुई जना निलम्बनमा छन् ।

सरकारको साथ जसपा नेपालले छाड्दा राष्ट्रिय सभामा अल्पमतमा पर्ने छ ।जसपाको समर्थन फिर्ताले राष्ट्रिय सभामा मात्र सरकारलाई अप्ठ्यारो हुनेछ ।

जसपा नेपाल र नाउपा सम्मिलित संघीय लोकतान्त्रिक मोर्चामा रहेका लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) जनमत पार्टीले भने सरकारको समर्थन फिर्ता लिने विषयमा केहि बोलेको छैन् ।सरकारले संविधान संशोधन गर्ने प्रतिबद्धतालाई कार्यान्वयन गर्न चासो नदेखाएको आरोप लगाउँदै जसपा नेपालले समर्थन फिर्ता लिने निर्णय गरेको छ ।

# उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीलाई सम्मान




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमै शिक्षा क्षेत्रमै एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल भएको भन्दै वक्ताहरुले जनकपुरधामस्थित एक संस्थागत विद्यालयको प्रशंसा गरेका छन् ।

जनकपुरधाममा शनिबार मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल भएकोमा मोनास्टिक स्कुलको प्रशंसा गरे ।

उनले जनकपुरधाम क्षेत्रको शैक्षिक क्षेत्रमा व्यापक सुधार आवश्यक रहेको भन्दै सभामुख मण्डलले यसतर्फ गम्भीर हुन आवश्यक रहेको बताए ।

त्यस्तै जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले एसईई परीक्षामा मोनास्टिक स्कुलका ६ जना विद्यार्थीले फोर जिपीए ल्याउन सफल भएकोमा बधाई दिए । नेता यादवले शैक्षिक क्षेत्रमा आफ्नो पहिचान बनाउन सफल भएकोले यसको निरन्तरतासँगै नेपालकै उत्कृष्ट बन्न सकिने सम्भावना रहेको बताए ।

मोनास्टिक स्कुलका एसईई परीक्षामा उत्कृष्ट नतिजना ल्याएका अविनाश यादव, अभिनव कर्ण, अमन महतो, धीरज पण्डित, प्रीन्स मोदी र प्रीयमराज साह जना विद्यार्थीलाई सभामुख मण्डल, नेता यादव र जनकपुरधाम उपमहानगरपालिकाका पूर्वमेयर लालकिशोर साहले संयुक्त रुपमा सम्मानसहित २५ हजार रुपैयाँ नगद राशी हस्तान्तरण गरेका थिए । सो क्रममा अन्य विद्यार्थी र शिक्षकहरुलाई समेत सम्मान गरिएको थियो ।

# दुर्गाभगवती गाउँपालिकामा दुईदिने निःशुल्क मुटु स्वास्थ्य शिविर शुरु



**टुडे समाचारदाता**

रौतहट । रौतहटको दुर्गा भगवती गाउँपालिकाको सहयोग तथा युवा नेपाल संघ वीरगञ्जको आयोजनामा सरस्वती माध्यमिक विद्यालय पिपरा भलोयिहामा दुईदिने निःशुल्क मुटु स्वास्थ्य शिविर शनिबारदेखि शुरु भएको छ ।

सो शिविरको उद्घाटन कार्यक्रममा युवा नेपाल संघका अध्यक्ष गौरव वर्माको अध्यक्षता रहेको थियो भने दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भू सिंह प्रमुख अतिथि रहेका थिए । सो कार्यक्रममा उपाध्यक्ष शिला देवी, वडा नं. १ का अध्यक्ष प्रद्युम्न जैसवाल, वडा नं. २ का अध्यक्ष सुरेश चौधरी, वडा न.३ का वडा अध्यक्ष डिके झा,वडा नं. ४ का अध्यक्ष रामानन्द राय यादव, तथा वडा नं. ५ का अध्यक्ष धर्मनाथ चौधरीको समेत विशेष उपस्थिति रहेको थियो ।

सो शिविरमा स्वास्थ्य शाखा प्रमुख दिनेश महतोको समन्वयमा खटिएको विशेषज्ञ चिकित्सकहरूको टोलीले मुटु सम्बन्धी प्रारम्भिक परीक्षण, रक्तचाप मापन, स्वास्थ्य परामर्श तथा आवश्यक औषधि निःशुल्क रुपमा वितरण गरेका छन् । शिविरमा सेवा प्रदान गरिरहेका प्रमुख विशेषज्ञहरूमा नेपाल हर्ट केयर सेन्टर, डा. ईमरान अली, न्यूरो स्पाइन एण्ड इनटी पोलिक्लिनिकका मस्तिष्क, स्पाइन तथा नशा रोग विशेषज्ञ डा. सफरोज अंसारी, तथा नाक, कान, घाँटी रोग विशेषज्ञ डा. फिरोज अंसारी रहेका छन् ।

शिविरमा मुटु सम्बन्धी इसीजी, इको (भिडियो एक्सरे), ब्लडप्रेसर र चिनीको जाँच, मस्तिष्क, नशा, स्पाइनसम्बन्धी रोगको परामर्श, तथा नाक, कान, घाँटी सम्बन्धी जाँच र उपचार सेवा प्रदान गरिँदैछ ।

गाउँपालिका अध्यक्ष शम्भू सिंहले उद्घाटन मन्तव्यमा यस्ता स्वास्थ्य शिविरहरूले नागरिक र पालिकाबीचको सम्बन्ध प्रगाढ बनाउने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता शिविर सञ्चालन गर्दै जाने प्रतिवद्धता जनाए । शिविरको पहिलो दिनमै उल्लेखनीय सङ्ख्यामा स्थानीय बासिन्दाहरूको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ । असार २१ र २२ गते शनिबार र आइतवार सञ्चालन हुने यस शिविरले ग्रामीण क्षेत्रका नागरिकमा स्वास्थ्यप्रति चेतना अभिवृद्धि गर्दै प्राथमिक उपचार सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ ।

# 'पर्सामा विजय यात्रा शुरु भयो'

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय कलाकार बाबा पाखिनलगायतका व्यक्तिहरुलाई पार्टीमा स्वागत गर्दै पर्सामा विजय यात्रा सुरु भएको उद्घोष गरेका छन् ।

शनिबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा पर्सा-काठमाण्डु सम्पर्क समन्वय समितिद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी माओवादी केन्द्रमा प्रवेश गरेका छन् ।

पार्टी प्रवेश गर्नेलाई स्वागत गर्दै उनले उत्पिडित वर्गको पहिचान र अधिकारको निम्ति एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताए ।

उनले भने, 'एकचोटी सबैले हाम्रो वर्गका लागि, समुदायका लागि, उत्पिडित वर्गका लागि एवम जाति सबैको पहिचान र अधिकारको निम्ति एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता छ ।'




उनले बाबा पाखिन र उनको नेतृत्वमा रहेका व्यक्तिहरु पार्टी प्रवेश गरेपछि पर्सामा विजय यात्रा सुरु भएको समेत बताए ।

यसका साथै कलाकार बाबा प्राखिनले युवाहरु राजनीतिका आउनुपर्ने धारणा राखे ।

## नन्ग्रेडेड एसईई नतिजाको कारण खोज्न प्रधानाध्यापकलाई आग्रह

काठमाण्डु । काठमाडौं महानगरपालिकाले नन्ग्रेडेड माध्यमिक शिक्षा परीक्षा (एसइई) नतिजाको कारण खोज्न प्रधानाध्यापकलाई आग्रह गरेको छ ।

कामपाको उपप्रमुख सुनिता डङ्गोलले सामुदायिक विद्यालयमा कुशल व्यवस्थापकको नेतृत्वका रूपमा प्रधानाध्यापकलाई नन्ग्रेडेड एसइई नतिजाको कारण खोज्न सम्बन्ध भएका विद्यालयका प्रमुखलाई आग्रह गर्नुभएको हो । गएको तीन वर्षदेखि अपेक्षित नतिजा प्राप्त गर्न नसकेका र यस वर्ष ५० प्रतिशतभन्दा धेरै विद्यार्थीहरू नन्ग्रेडेड नतिजा भएको छ ।रासस

# दाहाल बाबुछोराको कविता सङ्ग्रह 'वंशवृक्ष' लोकार्पण

काठमाण्डु । वरिष्ठ पत्रकार पुरुषोत्तम दाहाल र उहाँका छोरा इञ्जिनियर अनिमेष दाहालको संयुक्त कविता सङ्ग्रह 'वंशवृक्ष' लोकार्पण गरिएको छ ।

साहित्यिक पत्रकार सङ्घद्वारा शनिबार आयोजित कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस) का पूर्वअध्यक्ष एवं साहित्यकार दाहाल र उहाँका छोराद्वारा लिखित कविता सङ्ग्रहको लोकार्पण गरिएको हो । मिलाप पब्लिकेशन प्रालिले प्रकाशन गरेको यस कविता सङ्ग्रहमा पहिलो खण्डमा बाबुका १७ र दोस्रो खण्डमा छोराका १३ कविता समेटिएका छन् । यी कविता गद्य र मुक्त छन्दमा लेखिएका छन् ।

पत्रकार दाहालले व्यस्तता समयका बीच केही समय बचत गरेर यी कविता सृजना गरिएका भन्दै यस सङ्ग्रहको शीर्षकले बाबुछोरालाई साहित्य सिर्जनासँग जोडिएको प्रसङ्ग सुनाउनुभयो । छोरा अनिभेषसँग अमेरिका बसाइँका क्रममा आफूले रचना गरेका कविताहरू यस सङ्ग्रहमा समेटिएको उहाँले जानकारी दिनुभयो । कविता र कथा कुनै निश्चित समयका लागि मात्र नलेखिने भन्दै दाहालले साहित्यलाई निरन्तरता दिने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

रचनाकार अनिमेषले प्रवासबाट साहित्य क्षेत्रमा कलम चलाउँदै आउनुभएको छ । यस कविता सङ्ग्रहमा रचनाकारद्वयले राजनीतिक व्यङ्ग्य, समाजको चित्रण र प्रकृति चिन्तन गरेको कार्यक्रममा उपस्थित समीक्षकहरूले बताएका छन् । साहित्यकार तथा पत्रकार विनोद दाहाल र खेमनाथ दाहालगायतले कविता सङ्ग्रहबारे चर्चा गर्नुभएको थियो ।

**'प्रभाका चम्किला ताराहरू' लोकार्पण**

'प्रभाका चम्किला ताराहरू' नामक जीवनी लोकार्पण गरिएको छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** सोचेको आटेको काममा सफलता मिल्नेछ ।
**वृष :** साथीभाई र आफन्तको सहयोगबाट प्रशस्त लाभ उठाउन सकिनेछ ।
**मिथुन :** साथीभाईसंगको सम्बन्धमा सुधार आउनेछ ।
**कर्कट :** प्रतिष्ठित काम गर्ने मौका छ । अरुलाई प्रभावित पारेर काम लिन सकिने छ।
**सिंह :** सहयोगीहरुले राम्रो साथ दिनेछन् ।
**कन्या :** बिना प्रतिस्पर्धा फाइदा हुने समय छ । विचारले धेरैलाई आकर्षण गर्ने समयछ ।
**तुला :** विशेष सभा समारोहमा सहभागी बन्ने मौका छ ।
**वृश्चिक :** नयाँ कामको प्रस्ताव आउनेछ । पहिलो भेटमा नै धेरैले सहयोग गर्नेछन् ।
**धनु :** शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ ।
**मकर :** काममा राम्रै फाइदाको योग रहेकोछ । मेहनत गरे प्रशस्त धन लाभ हुनेछ ।
**कुम्भ:** नयाँ कामको थालनी गर्ने मौका मिल्नेछ ।
**मीन :** काममा लगानी बढाउने समय छ । प्रयास गर्दा रोकिएका कामहरु सफल हुनेछन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको राजविराज-११ स्थित झल्ली नजिक कोशी पम्प नहरमा सिँचाइका लागि छाडिएको पानी । *तस्बिर : रासस*

# मनसुन र मलको अभावले रोपाइँ प्रभावित, किसान चिन्तित

सिरहा । असार २० सकिँदासम्म पनि सिरहाका अधिकांश खेतहरू अझै सुक्खै छन् । समयमै वर्षा नहुँदा र आवश्यक रासायनिक मलको अभावले धान रोपाइँ प्रभावित बन्दै गएको छ ।

खेत जोतिए पनि पानीको अभावले रोपाइँ थाल्न नसकेका किसानहरू आकाशतिर हेर्दै पानीको प्रतीक्षामा छन् । देशका अधिकांश स्थानमा असार लागेसँगै मनसुन सक्रिय भए पनि मधेसमा भने अझै पर्याप्त वर्षा नहुनु किसानहरूका लागि चिन्ताको विषय बनेको छ ।

सिरहाका लहान नगरपालिका-२३ का किसान रामकुमार यादव भन्नुहुन्छ, "समयमै बर्खा नहुँदा रोपाइँ नै गर्न पाइएन । खेत जोतेर बीउ तयार पारेको धेरै भइसक्यो, तर न पानी पर्‍यो, न मल पाइयो । अब पानी परेपछि मात्रै खेतमा काम अघि बढ्छ ।"

उहाँका अनुसार, यसपटक असार सुरू भएदेखि नै वर्षा कमजोर रहेकाले खेत सुकेका छन् । बोरिङ गर्ने सुविधा नभएकाले आकाशेपानीकै भर पर्नुपरेको छ । "अहिले रोपाइँको सबैभन्दा संवेदनशील समय हो, तर बजारमा डिएपी मल पाइँदैन । मल नहुँदा बीउ छर्ने समयमा धानलाई बढ्न आवश्यक पोषण दिन सकिन्न । यसले उत्पादनमा ठूलो असर गर्छ ," उहाँले दुःखेसो गर्नुभयो ।



**आकाशेपानीकै भरमा किसान**

तराईका धेरैजसो जिल्लाजस्तै सिरहाका किसान पनि आजसम्म सिँचाइको भरपर्दो व्यवस्था नहुँदा आकाशेपानीमा भर पर्न विवश छन् । "पहिला-पहिला असारको सुरूमा नै पानी पर्थ्यो, तर अब त कहिले पानी पर्छ, कुनै ठेगान छैन," लहान-१९ का किसान प्रदीप यादवले गुनासो गर्नुभयो ।

कृषि ज्ञान केन्द्र, सिरहाका सूचना अधिकारी किरण विश्वकर्माका अनुसार, जिल्लामा कूल ५४ हजार हेक्टर धान खेतीयोग्य जमिन रहेकामा हालसम्म मात्र १८ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ ।

उहाँले भन्नुभया, "अहिलेसम्म भएको रोपाइँ पनि अधिकांश किसानले बोरिङमार्फत गरेका हुन् ।"यदि चाँडै पर्याप्त पानी नपरे बाँकी रोपाइँ ढिलो हुने र यसको प्रत्यक्ष असर उत्पादनमा पर्ने कृषि विज्ञहरूको भनाइ छ । तर, मौसमविद्हरूका अनुसार मधेसका सबै स्थानमा मनसुन पूर्ण रूपमा सक्रिय हुन अझै केही दिन लाग्नेछ ।

> कृषि ज्ञान केन्द्र, सिरहाका सूचना अधिकारी किरण विश्वकर्माका अनुसार, जिल्लामा कूल ५४ हजार हेक्टर धान खेतीयोग्य जमिन रहेकामा हालसम्म मात्र १८ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ ।

**डिएपी मलको अभाव**

पानी मात्र होइन, रोपाइँको अर्को बाधक बनेको छ, रासायनिक मल अभाव । कृषि सामग्री कम्पनी लिमिटेड, लहानका प्रबन्धक दीपक पौडेलका अनुसार, रोपाइँका लागि आवश्यक पर्ने पाँच हजार मेट्रिक टन डिएपी मलमध्ये हालसम्म मात्र आठ सय २५ मेट्रिक टन मात्र आपूर्ति भएको छ ।

"दक्षिणी भेगका किसानहरू सिँचाइका लागि मोटरको भरमा छन्, तर मल छैन", प्रबन्धक पौडेलले भन्नुभयो, "गत वर्ष तीनपटक मल वितरण गरिएको थियो, तर यस वर्ष अहिलेसम्म एकपटक मात्र गरिएको छ । साउनको पहिलो हप्तामा मल आएन भने कार्यालयमै किसानको चाप बढ्ने देखिन्छ ।"

डिएपी मलको अन्तरराष्ट्रिय मूल्य वृद्धि र टेन्डर घाटाको डरका कारण मल आपूर्तिमा ढिलाइ भएको प्रबन्धक पौडेलको भनाइ छ । "अब कृषि मन्त्रालयले वैकल्पिक उपायबाट मल ल्याउने पहल गर्न आवश्यक छ", उहाँले सुझाव दिनुभयो । युरिया र पोटास भने कार्यालयमा पर्याप्त रहेको उहाँले जानकारी दिनुभयो ।

समयमै रोपाइँ सम्पन्न भए आगामी बाली गहुँ, तोरी, सागसब्जीलगायतमा पनि राम्रो प्रभाव पर्ने नेपाल राष्ट्रिय कृषक समूह सिरहाका अध्यक्ष प्रदीप सिंह दनुवारको भनाइ छ । सरकारले समयमै मल आपूर्ति र दीर्घकालीन सिँचाइ समाधानमा ध्यान नदिए किसानको वर्षभरको मेहनत खेर जाने खतरा बढ्दै गएको उहाँले बताउनुभयो ।रासस

## राजमार्ग अपडेटः
# विभिन्न जिल्लाका सातवटा सडक पूर्ण रूपमा अवरुद्ध

काठमाण्डु । वर्षापछिको बाढी र पहिरोका कारण देशका विभिन्न राजमार्गको सातवटा सडक खण्ड पूर्ण रूपमा अवरुद्ध भएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार बाढी र पहिरोका कारण सङ्खुवासभा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, डोल्पा, रुकुमपश्चिम, जाजरकोट र बाजुराका सडक पूर्ण रूपमा अवरुद्ध भएका हुन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेका अनुसार सङ्खुवासभाको भोटखोला गाउँपालिकामा वर्षाका कारण कोशी राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ । यस्तै काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-४ मा पहिरो खसेर बनेपा नाला हुँदै भक्तपुर खण्ड अवरुद्ध हुनुका साथै उक्त स्थानमा सडकमाथिको पुल भाँचिएको उहाँले जानकारी दिनुभयो ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका कोदारीमा पहिरो खस्दा अरनिको राजमार्ग पूर्ण रूपमा अवरुद्ध हुन पुगेको घिमिरेले बताउनुभयो । डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ छलघाटमा बाढीका कारण भेरी करिडोर र रुकुमपश्चिमको आठविसकोट नगरपालिका-६ रिजिगारमा बाढीका कारण जाजरकोट डोल्पा भेरी करिडोर अवरुद्ध भएको छ ।

त्यस्तै जाजरकोटको पहिरोका कारण छेडागाड नगरपालिका-३ दखेरीभिरमा पहिरो जाँदा मध्यपहाडी राजमार्ग तथा बाजुराको बडिमालिका नगरपालिका-७ ढम्कले भासुपातालमा पहिरो जाँदा मार्तडी-कोल्टी सडक पूर्ण रूपमा बन्द भएका प्रहरी नायब महानिरीक्षक घिमिरेले उल्लेख गर्नुभयो ।

प्रहरीका अनुसार पहिरोले अवरुद्ध भएको बाग्लुङथिस्त कालीगण्डकी करिडोर र रोल्पाको अखटेमा पहिरो जाँदा अवरुद्ध बनेको सहिद राजमार्ग एकतर्फी रूपमा सञ्चालनमा आएको छ । त्यस्तै गुल्मीस्थित कालिगण्डकी करिडोर रोल्पाको परिवर्तन गाउँपालिका-५ मा खसेको पहिरोका कारण अवरुद्ध बनेको सहिद मार्ग एकतर्फी खुलाइएको प्रहरीले जनाएको छ । रासस

# लक्ष्यभन्दा बढी राजस्व उठाउँदै माडर भन्सार कार्यालय




सिरहा । सिरहाको प्रमुख भन्सार कार्यालय माडरले चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा राजस्व असुलीको लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको छ ।

कार्यालयका अनुसार असार महिनाबाहेक नै रु १३ करोड ७५ लाख ८१ हजार राजस्व सङ्कलन भइसकेको छ, जुन चालु आवको कूल लक्ष्य रु १२ करोड १२ लाख ९२ हजारभन्दा रु एक करोड ६२ लाख ८९ हजार बढी हो । भन्सार प्रमुख तोयानाथ सापकोटाका अनुसार मङ्सिरबाहेक सबै महिनामा राजस्व लक्ष्यभन्दा बढी उठाइएको हो । उहाँले भन्नुभयो, "मङ्सिरमा मात्र ९४ प्रतिशत राजस्व सङ्कलन भएको थियो, बाँकी सबै महिनामा लक्ष्यभन्दा बढी सङ्कलन भएको छ ।" उहाँका अनुसार, अहिलेसम्मको समग्र राजस्व सङ्कलन लक्ष्यको ११३ प्रतिशत पुगेको छ ।

सापकोटाले चालु आवको अन्तिम महिना असारमा लक्ष्यभन्दा बढी राजस्व उठ्ने प्रक्षेपण गर्दै आव सकिँदासम्म १५ प्रतिशत बढी राजस्व सङ्कलन हुने विश्वास व्यक्त गर्नुभयो । राजस्व सङ्कलनमा सफलता हासिल गर्दा पनि माडर भन्सारमा लामो समयदेखि छलफलमा रहेको ' प्लान्टक्वारेन्टाइन' सेवास्थापनामा भने अझै ठोस कार्यान्वयनको चरणमा पुगेको छैन ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सम्बन्धित विभागले सेवा स्थापनाको आवश्यकता बारम्बार औँल्याउँदै आएका छन्, तर प्रक्रियागत ढिलाइका कारण योजना अलपत्र छ ।सापकोटाका अनुसार माडरमा प्लान्ट क्वारेन्टाइन सेवा स्थापना गरिएमा माडर, ठाडी र राजविराज गरी तीन वटा भन्सार कार्यालयलाई सेवा दिइनेछ । यी सबै नाका हुलाकी राजमार्गमार्फत माडरसँग सिधा जोडिएका छन्, जसले समन्वय र ढुवानी प्रक्रियालाई सहज बनाउनेछ । उहाँले अझै स्पष्ट पार्दै भन्नुभयो, "यदि माडरमा प्लान्ट क्वारेन्टाइन सेवा उपलब्ध गराइयो भने राजस्व असुली पनि दोब्बरले वृद्धि हुने निश्चित छ ।"

हाल कृषिजन्य वस्तु आयात-निर्यात गर्ने व्यवसायीलाई क्वारेन्टाइन प्रमाणीकरणका लागि पूर्वमा विराटनगर वा पश्चिममा जलेश्वरसम्म पुग्नुपर्ने बाध्यता छ । यसले ढुवानी खर्चमात्र होइन, उपभोक्ता मूल्यमा अप्रत्याशित वृद्धि गराएको व्यवसायीले गुनासो गरेका छन् ।रासस

# मधेश प्रदेश बाहेक सबै प्रदेशमा भारी वर्षाको सम्भावना



काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास रहेको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

हाल देशभर आंशिकदेखि देशभर साधारणतया बदली बदली रहेको छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्का देखि मध्यम वर्षा भइरहेको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार शनिबार दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहनेछ । कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा तथा मधेश प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ । देशको उच्च-पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको पूर्वानुमान महाशाखाले जनाएको छ ।

शनिबार राति देशभर साधारणतया बदली रहनेछ । कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका धेरै स्थानहरूमा तथा बाँकी प्रदेशका केही स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको पूर्वानुमान महाशाखाले जनाएको छ । देशको उच्च-पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको छ ।

कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानहरूमा तथा बाँकी भू-भागका केही स्थानहरूमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेश एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ । रासस

## वीरगञ्ज नाका :
# भटमासको कच्चा तेल आयात ५२ अर्ब बढी, निर्यात ५५ अर्ब



वीरगञ्ज । चालु आर्थिक वर्षको ११ महिनामा वीरगञ्ज नाका हुँदै भटमासको कच्चा तेल रु ५२ अर्ब ५८ करोड मूल्यको आयात भएको छ ।

गत आवको सोही अवधिको तुलनामा भटमासको कच्चा तेलको आयात ६१३ दशमलव ४१ प्रतिशत अर्थात् रु ४५ अर्ब २१ करोड बढीले आयात भएको छ । जबकी गत आवको ११ महिनामा भने रु सात अर्ब ३७ करोड मूल्यको मात्रै भटमासको कच्चा तेल आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा यो नाका हुँदै भटमासको प्रशोधित तेल धेरै निर्यात भएको जानकारी दिनुभयो । "व्यवसायीले भटमासको कच्चा तेल ल्याएर प्रशोधित गरेर फेरि विदेशी मुलुकमा निर्यात गरेको देखिन्छ ।"

वीरगञ्ज नाका हुँदै चालु आवको ११ महिनामा भटमास तेल प्रशोधित निर्यात भने रु ५५ अर्ब तीन करोड मूल्य पर्ने २५ करोड ८८ लाख १४ हजार ७३२ लिटर भटमासको तेल प्रशोधित निर्यात भएको छ ।

जबकी गत आवको सोही अवधिमा भने रु आठ करोड ८३ लाख मूल्य पर्ने चार लाख ६४ हजार १३८ लिटर मात्रै निर्यात भएको थियो । चालु आवको ११ महिनामा यो नाका हुँदै रु नौ अर्ब ७५ करोड मूल्य पर्ने सूर्यमुखी तेलको कच्चा पदार्थ आयात भएको छ । जबकी गत आवको सोही समयमा भने रु आठ अर्ब चार करोड मूल्यको भएको थियो ।रासस


नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व कार्यालय

जनकपुरधाम, धनुषा

## एच.एस. कोड सहितको कर बीजक प्रयोग सम्बन्धमा बारम्बार सोधिने गरेका प्रश्नहरूको जवाफ

१. **मूल्य अभिवृद्धि कर नियमावली (छब्बिसौं संशोधन), २०५३ ले व्यवस्था गरे बमोजिम एच. एस. कोड सहितको कर बीजकको प्रयोग कसले गर्नुपर्दछ ?**
   - मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५. ५ ख र ६ मा उल्लेख भएको ढाँचामा कर बीजक प्रयोग गर्नुपर्दछ ।

२. **कम्प्युटर बिलिङ गर्ने करदाताले हाल जारी गर्दै आएको कर वीजकको सट्टा एच. एस. कोड सहितको ढाँचाको कर बीजक जारी गर्दा कार्यालयबाट अनुमति लिनु पर्छ वा पर्दैन ?**
   - करदाताले विद्युतीय बिजक जारी गर्न प्रयोग गर्दै आएको सफ्टवेयर र सफ्टवेयरको भर्सन यथावत रहने गरी उक्त सफ्टवेयरबाट जारी गर्दै आएको बिजकको सट्टामा एच. एस. कोड मात्र थप गर्दा पुनः अनुमति लिनु पर्दैन ।

३. **बीजकमा एच. एस. कोडको अङ्क पुरै उल्लेख गर्नुपर्छ ?**
   - आयातित सामानको बीजक जारी गर्दा एच. एस. कोडको सुरुको चार अङ्क अनिवार्य रूपमा उल्लेख गर्नुपर्दछ । करदाताले चाहेमा एच. एस. कोडको पुरै अङ्क उल्लेख गर्न सक्नेछ ।

४. **मूल्य अभिवृद्धि करमा दर्ता भएका कुन कुन करदाताले जारी गर्ने बीजकमा एच. एस. कोड अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ?**
   - आयातित सामानको कारोबार गर्ने सबै करदाताले आफूले जारी गर्ने बीजकमा एच. एस. कोड उल्लेख गर्नुपर्नेछ ।

५. **स्वदेशमा उत्पादित सामान विक्री गर्दा एच. एस. कोड उल्लेख गर्नुपर्छ कि पर्दैन ?**
   - करदाताले आफूले जारी गर्ने बीजकमा स्वदेशमा उत्पादित सामानमा समेत एच. एस. कोड उल्लेख गर्न चाहेमा सक्नेछ ।

६. **नयाँ ढाँचाको बीजक लागू हुनुभन्दा अगाडि खरिद गरेका सामान मौज्दातमा रहेको अवस्थामा ती सामान बिक्री गर्दा एच. एस. कोड उल्लेख गर्नुपर्छ कि पर्दैन ?**
   - विक्रेताले मौज्दातमा रहेको आयातित सामान बिक्री गर्दा समेत एच. एस. कोड उल्लेख गर्नुपर्दछ ।

७. **मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले कर छुट भएका सामान विक्री गर्दा एच. एस. कोड उल्लेख गर्नुपर्छ कि पर्दैन ?**
   - मूल्य अभिवृद्धि कर लाग्ने वा नलाग्ने जुनसुकै सामान आयात गरेर विक्री वितरण गर्ने भएमा एच. एस. कोड उल्लेख गर्नुपर्छ ।

# उज्वेकिस्तानसँग जितका लागि प्रधानमन्त्रीको शुभकामना



काठमाण्डु । श्रीलङ्काली टोलीलाई जितेर उज्वेकिस्तानसँग फाइनल प्रतिस्पर्धा गर्न तयार नेपाली महिला फुटबल टोली शनिबार प्रधानमन्त्री केपी शर्मा ओलीको शुभकामना सन्देश लिँदै थियो । स्पेनको औपचारिक भ्रमणबाट स्वदेश फर्किएलगत्तै नियमित काममा व्यस्त रहनुभएका प्रधानमन्त्री ओलीले शनिबार प्रधानमन्त्री निवास, बालुवाटारबाट ‘भर्चुअल’ माध्यमबाट सफलताको शुभकामना दिइरहँदा खेलाडीहरु उज्वेकिस्तानबाट जोडिएका थिए ।

जितका लागि शुभकामना दिइसकेपछि प्रधानमन्त्री ओलीले खेलाडीको ध्यानाकर्षण गराउँदै हात हल्लाएर ‘हेल्लो ! साम्बा एन्ड टिम विस यु अल द बेस्ट...’ भनेपछि उताबाट टिमका कप्तान सावित्रा भण्डारी ‘साम्बा’ उठेर नमस्कार गर्दै हात हल्लाउन थाल्नुभयो । अरू खेलाडीले ताली बजाएर जितको शुभकामना ग्रहण गर्दै शुभकमनाप्रति आभार व्यक्त गरेका थिए ।

भर्चुअल रुपमा नेपालबाट जोडिएका राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङ, अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अध्यक्ष पङ्कजविक्रम नेम्वाङ, महासचिव किरण राई पनि प्रधानमन्त्रीको हौसलाबाट उत्साहित हुनुभयो ।

प्रतिस्पर्धी श्रीलङ्कालाई हराएर उत्कृष्ट प्रदर्शन गरेकामा हर्षित प्रधानमन्त्री ओलीले आज उज्वेकिस्तानसँग हुने फाइनल खेलमा नेपालले जित्ने विश्वास व्यक्त गर्नुभयो । “देशको गौरव बढाउन तपाईंहरुले गरिरहनुभएको योगदानको म प्रशंसा गर्दछु । नेपाली महिला फुटबलको ४० वर्षे सङ्घर्षपूर्ण इतिहासमा अर्को स्वर्णिम नतिजा प्राप्त हुनेछ । तपाईंहरुमा जितको मनोबल देखिएको छ । तपाईंहरुले जित्नैपर्छ । हामी जित्नेछौँ । यसलाई हामीले टर्निङ पोइन्टका रुपमा लिनेछौँ ।” खेलाडीलाई उत्साहित पार्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, “म तपाईंहरुको खेलसँगै हुनेछु । खेल क्षेत्रको विकासका लागि सरकारका तर्फबाट गरिनुपर्ने काम हुनेछ ।”

हालै सम्पन्न आफ्नो स्पेन भ्रमणका बेला रियल म्याड्रिडको रङ्गशालाको अवलोकन गरेको र मुलुकमा पनि त्यस्तै रङ्गशाला निर्माण कसरी सकिन्छ भन्ने सोचिरहेको जनाउँदै प्रधानमन्त्री ओलीले कम स्रोत, साधनबीच देशको खेलक्षेत्र सुदृढ हुँदै गएको बताउनुभयो । उहाँले खेल क्षेत्र खर्च हुने क्षेत्रका रुपमा नभई आम्दानी गराउने क्षेत्रका रुपमा पनि लिइनुपर्नेमा जोड दिनुभयो ।

एन्फाका अध्यक्ष नेम्वाङले जितको शुभकामनाका लागि प्रधानमन्त्री ओलीलाई धन्यवाद दिँदै सरकारले गर्ने पूर्वाधार विकासको प्रयासमा आफूहरुको साथ रहने विश्वास दिलाउनुभयो । उहाँले प्रधानमन्त्री ओलीको स्पेन भ्रमणमा रियल म्याड्रिडको रङ्गशाला अवलोकनमा पर्नु नेपाली खेल क्षेत्रको विकासप्रति प्रधानमन्त्रीको प्रतिविम्बित भएको र त्यसबाट आफूहरुलाई प्रोत्सहन मिलेको बताउनुभयो ।रासस

# नेपालको प्रविधि क्षेत्रमा लगानी गर्न ब्रिटिश लगानीकर्तालाई आग्रह

काठमाण्डु । बेलायतको लन्डनस्थित नेपाली राजदूतावासमा आयोजित उच्चस्तरीय नेपाल-युके टेक फोरममा दुवै देशका नीति निर्माताहरू, कूटनीतिज्ञहरू, व्यावसायिक नेताहरू र प्रविधि उद्यमीहरूने नेपालमा सूचना प्रविधिको क्षेत्रमा लगानी तथा सहकार्यका थुप्रै सम्भावनाहरू रहेको जनाएका छन् ।

लण्डनस्थित नेपाली दूतावासका अनुसार बेलायतका लागि नेपाली राजदूत चन्द्रकुमार घिमिरेले नेपाल दक्षिण एसियाको सबैभन्दा लोकतान्त्रिक र समावेशी मुलुकमध्ये एक भएको बताउनुभयो । उहाँले पछिल्लो समयमा भएको आर्थिक तथा नीतिगत सुधारहरूको उल्लेख गर्दै नेपाल अहिले ऊर्जा निर्यात गर्ने देश बनेको छ र जीवन्त आइटी बजार रहेको बताउनुभयो ।

राजदूत घिमिरेले बेलायती कम्पनीहरूलाई नेपालको आइटी सेवा आउटसोर्स गर्न र नेपालमा लगानी गर्न आग्रह गर्नुभयो । नेपालका लागि बेलायतका राजदूत रब फेनले नेपालमा ब्रिटिश लगानी लगानी भित्र्याउन र द्विपक्षीय व्यापार वृद्धि गर्न अहिले उपयुक्त समय आएको बताउनुभयो ।

उहाँले आइटी र नवीकरणीय ऊर्जामा लगानीका लागि आधार तयार भएको बताउँदै नेपाल र युकेबीच दोहोरो कर उन्मुक्तिसम्बन्धी सम्झौता गर्ने तयारी भइरहेको पनि जनाउनुभयो ।

ब्रिटिश संसद्या ‘अल नेपाल पार्लियामेन्टरी ग्रुप’ की अध्यक्ष सांसद एलेक्स बेकरले नेपाल तथा युकेबीच सीधा हवाई सेवा सुरू गर्न आवश्यक रहेको बताउनुभयो । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपाल सरकारले ऊर्जा, सूचना तथा सञ्चार प्रविधि, पूर्वाधार विकासलाई प्राथमिकता दिएको बताउँदै नेपालले सूचना प्रविधिमा १०० प्रतिशत प्रत्यक्ष विदेशी लगानी गर्न अनुमति, सात वर्षसम्म कर छुट र मुनाफा फिर्ता लैजान सक्ने सुविधा दिएको बताउनुभयो ।

उहाँले सातै प्रदेशमा आइटी पार्क निर्माण र प्रधानमन्त्रीको अध्यक्षतामा आइटी प्रवर्द्धन बोर्ड स्थापना गर्ने योजना रहेको समेत सुनाउनुभयो । उहाँले विदेशी लगानीकर्तालाई सहजीकरण गर्न बोर्ड तयार रहेको जनाउनुभयो ।



डोल्मा इम्प्याक्ट फन्डका संस्थापक टिम गोचरले कृत्रिम बुद्धिमत्ता र डेटा सेन्टरमार्फत नेपालको उत्पादनशीलता बढाउने अपार सम्भावना रहेको बताउनुभयो । उहाँले नेपालको हिमाली भेगको चिसो मौसम, स्वच्छ ऊर्जा र डिजिटल जनशक्तिलाई परिचालन गरी विश्वस्तरीय डेटा सेन्टरहरू निर्माण गर्न सकिने बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सूचना प्रविधि, डिजिटल सेवाजस्ता उदाउँदो क्षेत्रको रहे तापनि डिजिटल र सेवा क्षेत्रमा नेपालले विश्वस्तरीय प्रतिस्पर्धा गर्नसक्ने क्षमता देखाएको बताउनुभयो ।“हामी संयुक्त लगानी उद्यम, इ-शासन र अन्य साझेदारीका लागि खुला छौँ । डिजिटल भविष्य निर्माणमा हामी तपाईंलाई सहकार्य गर्न आमन्त्रण गर्छौं”, उहाँले भन्नुभयो ।

बेलायतमा मुख्यालय रहेको सूचना प्रविधिसम्बन्धी कम्पनी, जेनेस सलुशनका प्रमुख कार्यकारी अधिकृत अञ्जनी फुयाँलले नेपालको युवा जनशक्तिले विश्व बजारमा गुणस्तरीय सेवा प्रदान गरिरहेको भन्दै नेपालमा लागत कम र गुणस्तर उच्च रहेको एक दुर्लभ संयोजन उपलब्ध रहेको बताउनुभयो । उहाँले नेपालका सबै प्रदेशमा प्रविधिको पूर्वाधार विस्तार गर्दै लैजानुपर्ने जनाउनुभयो ।

नेपालका सूचना प्रविधिसम्बन्धी कम्पनीहरूको प्रतिनिधि संस्था, नास आइटीका अध्यक्ष सन्तोष कोइरालाले अहिले करिब नब्बे हजार युवा सूचना प्रविधि क्षेत्रमा कार्यरत रहेको र वार्षिक करिब ८० करोड अमेरिकी डलर बराबरको आम्दानी यस क्षेत्रबाट भइरहेको बताउनुभयो ।

“हाम्रो कूल निर्यातको ७५ प्रतिशतभन्दा बढी अमेरिका जान्छ । अबको चार/पाँच वर्षमा हामी ब्रिटेनमा पनि बजार विस्तार गर्न चाहन्छौँ”, उहाँले भन्नुभयो ।डोल्मा इम्प्याक्ट फन्डका संस्थापक टिम गोचरले नेपालको हिमाली भेगको चिसो मौसम, स्वच्छ ऊर्जा र डिजिटल जनशक्तिलाई विश्वस्तरीय डेटा सेन्टरहरू निर्माण गर्न सकिने जनाउनुभयो ।

कार्यक्रममा आइएमई ग्रुपका सह-संस्थापक तथा प्रबन्ध निर्देशक हेमराज ढकाल, नेपाल क्लियरिङ हाउस लिमिटेडका सिइओ नीलेशमान सिंह प्रधान, जेनेस सलुशनका ग्लोबल सिटिओ निरञ्जन कुँवर, बेलायतमा कार्यरत युवा उद्यमी रुवि राउत, ब्रिटेन नेपाल च्याम्बर अफ कमर्सका अध्यक्ष डा कपिल रिजाललगायतले नेपाल तथा युकेबीच व्यापार तथा लगानी बढाउन थुप्रै सम्भावना रहेको बताउनुभयो ।रासस

# ‘भ्रष्टाचारमा दलका नेता नै जोडिँदा लोकतन्त्रको बद्नाम भयो’

उदयपुर ।कोशी प्रदेशका सभामुख अम्बरबहादुर बिष्टले नेपालमा राजनीतिक दलका नेता नै भ्रष्टाचारमा जोडिँदा लोकतन्त्रको बदनाम भएको बताउनुभएको छ ।

शनिबार आयोजित उदयपुर उद्योग वाणिज्य सङ्घको तेस्रो जिल्ला अधिशेन उद्घाटन कार्यक्रममा उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गनुपर्ने बेला तलदेखि माथिसम्म राजनीतिक दल र नेता भ्रष्टाचारमा जोडिनु दुःखद् भएको धारणा राख्नुभयो ।


“यो लोकतन्त्रको सबैभन्दा दुःखद् पक्ष हो । देशमा कामभन्दा बढी भाषण र आफ्नो स्वार्थ पूर्तिमा मात्र ध्यान दिँदा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बदनाम भइरहेको छ”, सभामुख बिष्टले भन्नुभयो,“देशले अब धेरै कुरामा परनिर्भर हुँदै गएको छ । उत्पादन र रोजगारीका लागि पर्याप्त ध्यान गएको छैन । अत्याश्यक उपभोग्य बस्तु पनि आयात गर्नुपर्ने अवस्था छ । यसले जनआक्रोस बढाउन भूमिका खेलेको छ, अब सचेत हुन आवश्यक छ ।”

देशलाई समृद्ध बनाउन उत्पादन बढाउने र भ्रष्टाचार नियन्त्रण गर्ने दुई वटा मात्र विकल्प रहेको उहाँको धारणा थियो । कार्यक्रममा सङ्घका अध्यक्ष चुडामणी कार्की, जिल्लास्थित राजनीतिक दलका नेतालगायतले आफ्नो धारणा राख्नुभएको थियो । रासस

# मुलुकमा गणतन्त्रको स्थापना गर्न स्व कोइरालाले भूमिका महत्वपूर्ण छः सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न स्व गिरिजाप्रसाद कोइरालाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको बताउनुभएको छ ।

जय नेपाल इन्टरनेसनल फाउण्डेसनले स्व कोइरालाको जन्मजयन्तीका अवसरमा आज आयोजना गरेको कार्यक्रममा उहाँले मुलुकमा गणतन्त्रको स्थापना गर्न स्व कोइरालाको भूमिका महत्त्पूर्ण रहेकाले यसलाई भावी पुस्ताले पनि स्मरण गर्ने धारणा राख्नुभयो । अहिले मुलुक गणतन्त्रलाई सुदृढीकरण गर्दै आर्थिक सामाजिक रुपान्तरणको यात्रामा अघि बढिरहेको उहाँले उल्लेख गर्नुभयो ।



“गिरिजाबाबु नभएको भए मुलुकमा अहिल्यै गणतन्त्र आउने थिएन, गणतन्त्र ल्याउन उहाँले हिम्मत गर्नुभयो, जनमत सिर्जना गर्नुभयो”, सभापति देउवाले भन्नुभयो, “यद्यपि, अहिले केही समस्या छन्, तिनलाई समाधान गर्दै लैजानुपर्छ ।” समावेशी राजनीतिक प्रणालीले सबै वर्ग, क्षेत्र र समुदायको राज्य संयन्त्रमा प्रतिनिधित्व सुनिश्चित गरेको जनाउँदै उहाँले मुलुकलाई आथिक रूपमा सम्पन्न बनाएर जनतालाई त्यसको लाभ दिलाउन सबै दल क्रियाशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कांग्रेस वरिष्ठ नेता डा शेखर कोइरालाले हरेक कालखण्डमा मुलुकको राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको पार्टीले अब आर्थिक सामाजिक रुपान्तरणको पनि नेतृत्व गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । “प्रजातन्त्र स्थापना, पञ्चायत र राजतन्त्र अन्त्य तथा संविधान निर्माणमा कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । कांग्रेसको नेतृत्वमा संविधान कार्यान्वयन गरी मुलुकलाई समृद्धिको मार्ग अघि बढाउनुपर्छ”, उहाँले भन्नुभयो ।

उहाँले हरित ऊर्जा, आधुनिक कृषि प्रणाली, उन्नत बाली प्रवर्द्धन तथा किसानलाई प्रविधिसँग जोड्न विशेष योजना ल्याउनुपर्नेमा जोड दिँदै धार्मिक, सांस्कृतिक, आध्यात्मिक र साहसिक पर्यटन प्रवर्द्धन गरी मुलुकलाई समृद्धिको यात्रामा अघि बढाउनुपर्ने बताउनुभयो ।

कांग्रेस नेता एवं युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले गिरिजाबाबु क्रान्ति र शान्तिको नायकका रूपमा रहनुभएको बताउनभुयो । “गिरिजाबाबु जे बोल्नुहुन्थ्यो, त्यो गर्नुहुन्थ्यो”, उहाँले भन्नुभयो । मन्त्री चौधरीले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा विजेता खेलाडीलाई प्रोत्साहित गर्न सरकारले विभिन्न पुरस्कार र सम्मानको व्यवस्था गरेको जानकारी दिनुभयो ।

कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना)ले जनताको सङ्घर्षको माध्यमबाट प्राप्त राजनीतिक उपलब्धिलाई सुदृढ गर्न सबै एकजुट हुनुपर्नेमा जोड दिनुभभयो । उहाँले संविधानमा भएको जनअधिकार कार्यान्वयन गर्न एकजुट हुनुपर्ने उल्लेख गर्दै राजनीतिमा युवा पुस्ताको सहभागिता अनिवार्य रहेको धारणा राख्नुभयो । कार्यक्रममा सभापति देउवाले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिताका विजेता नेपाली खेलाडी तथा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा विजयी उम्मेदवारलाई सम्मान गर्नुभएको थियो ।रासस

# प्रधानमन्त्रीसँग नेपालमा लगानीको सम्भावना र अवसरबारे छलफल



काठमाण्डु । नेपालमा विभिन्न क्षेत्रमा लगानीको सम्भावना र अवसरका विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग मलेसिया-नेपाल बिजनेस काउन्सिलको प्रतिनिधिमण्डलले शनिबार भेट गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा प्याराडाइज्ड ग्रुप कम्पनी, मलेसियाका कार्यकारी अध्यक्ष प्रदीपकुमार कुक्रेजा (दातो) को नेतृत्वमा आएको २० सदस्यीय प्रतिनिधिमण्डलले आफूहरु नेपालमा नयाँ उद्यमहरूका लागि अर्थपूर्ण व्यावसायिक तथा दुई देशको सम्बन्ध स्थापित गर्न र नेपालको व्यावसायिक वातावरणबारे विस्तृतरुपमा बुझ्न भ्रमणमा आएको अवगत गराउनुभयो ।

प्रधानमन्त्री ओलीले नेपालको समृद्धिका लागि विदेशी लगानीलाई प्रोत्साहन र सहजीकरण गर्न सरकारले कानुनी र संरचनात्मक सुधारहरु गर्दै आएको जानकारी गराउँदै नेपालमा लगानी गर्न आग्रह गर्नुभयो । उहाँले आगामी दिनमा के कस्तो सुधार र सहजीकरण आवश्यक छ भन्नेमा सरकार सँधै व्यवसायीसँग सहकार्यमा रहने जानकारी दिनुभयो ।

प्रतिनिधिमण्डलले आफूहरुले नेपालमा फोहोर (प्लास्टिक) प्रशोधन, सूचना प्रविधि उद्यान, पर्यटन आदि क्षेत्रमा कााम गर्न उत्सुक भएको जनाएको छ । भेटका अवसरमा नेपालमा पर्यटन, कृषि, सूचना प्रविधि, जनशक्ति, कपडा र विविध क्षेत्रहरूमा लगानीको सम्भावनाबारे छलफल भएको थियो ।

मलेसियास्थित नेपाली दूतावासको सहकार्यमा आएको उक्त प्रतिनिधिमण्डल तीनदिने यात्राका लागि यही असार १८ गते काठमाडौँ आएको थियो । भेटका अवसरमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक मामिला सल्लाहकार डा युवराज खतिवडालगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# ‘कुलिङ पिरियड’सम्बन्धमा छानबिन गर्न सात सदस्यीय समिति गठन गरिने

काठमाण्डु । प्रमुख राजनीतिक दलबीच सङ्घीय निजामती विधेयकमा ‘कुलिङ पिरियड’का सम्बन्धमा उठेका प्रश्न र विवादित विषयमा छानबिन गर्न संसदीय विशेष समिति गठन गर्ने सहमति भएको छ ।

सभामुख देवराज घिमिरे निवासमा शनिबार प्रमुख पाँच राजनीतिक दलका प्रमुख सचेतक र सचेतकबीच भएको छलफलबाट सात सदस्यीय छानबिन समिति गठन गर्ने सहमति भएको राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले जानकारी दिनुभयो ।समितिमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट दुई/दुई तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट एक/एक जना सांसद रहनेछन् । समितिलाई गठन भएको २१ दिनभित्र प्रतिवेदन पेस गर्ने कार्यदेश हुनेछ ।

यही असार २३ गते कार्यव्यवस्था परामर्श समितिबाट समितिमा रहने सांसदको नाम टुङ्ग्याएर प्रतिनिधिसभा बैठकमा प्रस्तुत गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो ।प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिबाट निजामती विधेयकमा दुई वर्षका लागि कुलिङ पिरियड राख्ने सहमति भएकामा सभाबाट पारित भइसकेपछि सोसम्बन्धी व्यवस्था फरक ढङ्गले प्रस्तुत भएको भन्ने विषयमा छानबिनका लागि समिति गठन गर्न लागिएको हो ।रासस

# बालबालिका देशका भविष्य हुन्ः मुख्यमन्त्री कँडेल

काँक्रेविहार ।कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले बालबालिका देशको भविष्य भएकाले उनीहरूलाई केन्द्रमा राखेर नीति, योजना र कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

शनिबार वीरेन्द्रनगर नगरपालिका-८ ले आयोजना गरेको वातावरणमैत्री र बालमैत्री वडाघोषणाकार्यक्रमलाईसम्बोधन गर्दै बालबालिकाको संरक्षण, विकास र सहभागिताका लागि स्थानीय, प्रदेश र सङ्घ सरकारले जिम्मेवारी बोधका साथ ध्यान दिनुपर्ने मुख्यमन्त्री कँडेलले उल्लेख गर्नुभयो ।



उहाँले भन्नुभयो, “बालबालिकालाई हामीले आज सुरक्षित, सशक्त र सम्मानजनक वातावरण दिन सक्यौँ भने मात्र भोलिको समुन्नत समाज निर्माण सम्भव हुन्छ ।” वातावरण संरक्षण र बाल अधिकार प्रवर्द्धनलाई परस्पर पूरक विषयका रूपमा जोड्दै स्वस्थ वातावरणमा हुर्कने बालबालिका नै समुन्नत राष्ट्र निर्माणका संवाहक हुने मुख्यमन्त्री कँडेलले बताउनुभयो । कर्णाली प्रदेश सरकारले बालमैत्री समाज निर्माणका लागि नीति, बजेट र कार्यक्रमहरूलाई प्राथमिकतामा राखी बालबालिकाको स्वास्थ्य, शिक्षा, अभिव्यक्ति तथा सुरक्षीत हुने अधिकार सुनिश्चित गर्दै बालमैत्री संरचना विकास ध्यान दिने मुख्यमन्त्रीले बताउनुभयो ।

कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, बाल क्लबका प्रतिनिधि, सामाजिक अभियन्ता तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो ।रासस

# गाजा युद्धविराम योजनामा 'सकारात्मक प्रतिक्रिया' जनाउँदै हमासद्वारा तीन संशोधन माग

बीबीसी

काठमाण्डु । हमासले अमेरिकाले अघि सारेको नयाँ गाजा युद्धविराम र बन्धक रिहाइसम्बन्धी सम्झौताको पछिल्लो प्रस्तावमा मध्यस्थकर्ताहरूलाई "सकारात्मक प्रतिक्रिया" दिएको जनाएको छ।

प्यालेस्टिनी सशस्त्र समूहले एक विज्ञप्तिमार्फत आफू "वार्ताको चरणमा तत्काल प्रवेश गर्न गम्भीर रूपमा तयार" रहेको जनाएको छ।ती वार्ताका विषयसँग निकट रहेका एक वरिष्ठ प्यालेस्टिनी अधिकारीले बीबीसीलाई बताएअनुसार हमासले सामान्य ढाँचाका रूपमा स्वीकार गरेको छ।



तर उसले २० महिना देखिको युद्धको स्थायी अन्त्यको लागि वार्ता असफल भएमा शत्रुता पुनः सुरु नहुने अमेरिकी सुनिश्चिततासहित कैयौँ मुख्य संशोधनहरूको माग समेत गरेको छ। शुक्रवार अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले हमासको प्रतिक्रियाको स्वागत गर्दै गाजामा अर्को सातासम्ममा युद्धविराम सम्झौता हुन सक्ने बताएका छन्। यसबारे इजरेल सरकारले तत्काल कुनै प्रतिक्रिया जनाएको छैन। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले गत मङ्गलवार इजरेलले ६० दिने युद्धविरामका लागि "आवश्यक सर्तहरू" स्वीकार गरेको जनाएका थिए।उक्त अवधिमा सम्बन्धित पक्षहरूले युद्ध अन्त्य गर्नका लागि कामहरू गर्ने भनिएको छ।

ट्रम्पले हमासलाई त्यो "अन्तिम प्रस्ताव" भन्दै त्यसलाई स्वीकार गर्न पनि आग्रह गर्ने क्रममा त्यसो नगरिए उनीहरूका लागि "केही राम्रो हुनेछैन केवल झन् खराब हुनेछ" भन्दै चेतावनी दिएका थिए।

उक्त योजनामा इजरेली जेलमा राखिएका प्यालेस्टिनी बन्दीहरूका बदलामा हमासले १० जीवित इजरेली बन्धकलाई क्रमिक रूपमा छाड्ने र १८ अन्य बन्धकहरूको शव बुझाउने कुरा समावेश गरिएको विश्वास गरिन्छ। गाजामा अझै पनि पचासजना बन्धकहरू छन् जसमध्ये कम्तीमा २० जीवित रहेको विश्वास गरिन्छ।

उक्त प्रस्तावमा संयुक्त राष्ट्र सङ्घ र रेडक्रसको अन्तर्राष्ट्रिय समितिको संलग्नतामा पर्याप्त मात्रामा मानवीय सहायता तत्कालै गाजा पठाइने कुरा उल्लेख रहेको बताइएको छ। ती वरिष्ठ प्यालेस्टिनी अधिकारीका अनुसार हमासले संयुक्त राष्ट्र सङ्घ र यसका साझेदारहरूद्वारा विशेष रूपमा सहायता वितरण गर्न माग गरेको छ।

उसले इजरेल र अमेरिकाको साथ पाएको गाजा ह्युमेनिटेरिअन फाउन्डेशन (जीएचएफ) द्वारा सञ्चालित विवादास्पद वितरण प्रणाली तत्काल अन्त्य गर्न माग गर्दै आएको छ।त्यसबाहेक हमासले मुख्य संशोधनका रूपमा इजरेली सेनाको फिर्ताको माग गरेको ती प्यालेस्टिनी अधिकारीले बताएका छन्।अमेरिकी प्रस्तावमा चाहिँ उत्तरी र दक्षिणी गाजाका केही भागबाट चरणबद्ध रूपमा सैनिकहरू फिर्ता बोलाउने कुरा समावेश रहेको विश्वास गरिन्छ।

तर ती अधिकारीका अनुसार हमासले मार्चमा पछिल्लो युद्धविराम भङ्ग हुनुअघि सेनाहरू रहेका ठाउँमा फर्कनमा जोड दिइरहेको छ। हमासले स्थायी युद्धविरामको वार्ता असफल भएमा इजरेली हवाई र स्थल कारबाही पुनः सुरु नहुने अमेरिकी सुनिश्चितता समेत चाहेको ती प्यालेस्टिनी अधिकारीले बताएका छन्।उक्त प्रस्तावले युद्ध अन्त्य गर्ने वार्ता पहिलो दिनबाटै सुरु हुने उल्लेख गरेको ठानिएको छ।

यद्यपि इजरेली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले सबै बन्धकहरू रिहा नभएसम्म र हमासको सैन्य तथा शासन क्षमता नष्ट नभएसम्म युद्ध अन्त्य गर्ने कुरा अस्वीकार गर्दै आएका छन्। शुक्रवार अमेरिका युद्धविराम प्रस्तावमा हमासको प्रतिक्रिया पर्खिरहँदा इजरेलले गाजा स्ट्रिपभर कैयौँ मारिनेगरी बमवारी जारी राखेको थियो।

संयुक्त राष्ट्र सङ्घको मानव अधिकार कार्यालयले शुक्रवार जनाए अनुसार पछिल्ला पाँच सातामा जीएचएफका सहायता वितरण केन्द्रहरू नजिकै कम्तीमा ५०९ जना र सहायता बोकेका गाडीका लस्कर नजिकै १०४ जनाको मारिएको विवरण सार्वजनिक गरेको छ । उक्त राष्ट्रसङ्घीय कार्यालयकी प्रवक्ता रविना शामदासानीले आफूहरूले तथ्याङ्क प्रमाणित गर्ने र जिम्मेवार को हो भनेर पत्ता लगाउने काम गरिरहेको बताइन्।तर उनले "इजरेली सेनाले वितरण बिन्दुमा पुग्न खोजिरहेका प्यालेस्टिनीहरूमाथि गोलाबारी र गोली चलाएको प्रस्ट छ" भनेकी छन्।जीएचएफले संयुक्त राष्ट्र सङ्घको तथ्याङ्क गाजाको स्वास्थ्य मन्त्रालयबाट "सिधै" आइरहेको भन्दै त्यो विश्वसनीय नभएको बताएको छ।

उक्त निकायले ती तथ्याङ्क आफ्नो प्रयासमा "झूटो कलङ्क" लगाउन प्रयोग गरिएको आरोप लगाएको छ।जीएचएफका अध्यक्षले यो साता आफ्नो स्थलहरूमा वा नजिकै कुनै पनि हिंसात्मक घटना नभएकोमा जोड दिए।उता गाजाबाट ६० किलोमिटर मात्र पर रहेको इजरेली सहर तेल अभिभमा बाँकी बन्धकहरूका परिवार र उनीहरूका समर्थकहरूले अमेरिकी नियोगबाहिर एक र्‍याली आयोजना गर्दै ट्रम्पलाई ती सबैलाई रिहा गर्ने "सम्झौता" गराउन आग्रह गरेका छन्।

सन् २०२३ को अक्टोबर ७ मा भएको हमलाको जबाफमा इजरेली सेनाले गाजामा कारबाही सुरु गरेको थियो। हमासको हमलामा त्यसबेला झण्डै १,२०० जना मारिएका थिए भने २५१ जनालाई बन्धक बनाइएको थियो। गाजामा त्यसबेलादेखि कम्तिमा ५७,२६८ जना मारिएको उक्त भूभागको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# एसिसी इस्ट जोन कपको उपाधि नेपाललाई



काठमाण्डु । नेपालले एसिसी यू-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। मलेसियाको युकेएम ओभलमा शनिबार सम्पन्न फाइनलमा सिङ्गापुरलाई दुई विकेटले पराजित गर्दै नेपालले उपाधि हात पारेको हो ।

सिङ्गापुरले दिएको एक सय १४ रनको सामान्य लक्ष्य नेपालले २९ ओभरमा आठ विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालका लागि जोय थापा र अभय यादव अविजित रहँदै क्रमशः २४ र १० रनको महत्वपूर्ण योगदान दिए । साथै शिवान्स बजगाईले २०, शुभम खनालले १८ र प्रसिद्ध जैशीले १७ रन बनाए ।

सिङ्गापुरका लागि कपिस भेन्कटरमनले चार विकेट लिए भने युवान पाण्डेले दुई विकेट लिए। साथै भेदान्स गुप्ता र आकाश तेजाले एक/एक विकेट लिए ।सामान्य लक्ष्य पछ्याएको नेपालले १३ रन बनाउँदा पहिलो विकेट गुमायो । त्यसपछि शिवान्स बजगाईंले एक छक्का र दुई चौकाको प्रहार गर्दै आक्रामक ब्याटिङ गर्दै पारीलाई अगाडि बढाए। नेपालले ४० रन बनाउँदा लगातार दुई विकेट गुमाएपछि दबाबमा पर्‍यो ।

नेपालले ५८ रन छँदा थप दुई विकेट गुमायो ।

छैटौ विकेटका लागि नेपालले जोय थापा र सुभास खनालले महत्वपूर्ण ३३ रनको साझेदारी गरे । नेपालले ९१ रन छँदा छैटौ र ९२ रन छँदा सातौ र आठौ विकेट गुमाएको थियो । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको सिङ्गापुरले ४० दशमलव पाँच ओभरमा सबै विकेट गुमाउदै ११३ रनको योगफल बनायो । उसका लागि रोहन अस्टिनले सर्वाधिक २३ रन बनाए । त्यसैगरी रिहान नाइकले १५, दान्स गुप्ता १२ रन र आकाश तेजा १० रन बनाए ।

त्यसबाहेक सिङ्गापुरका अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

सिङ्गापुरका लागि सस्तैमा समेट्ने क्रममा नेपालका लागि अभय यादव र सुशीलबहादुर रावलले समान तीन/तीन विकेट लिए भने शुभम खनालले दुई विकेट लिए । त्यस्तै कप्तान बिपिनप्रसाद शर्माले एक विकेट लिए ।रासस

## शेफाली जरीवालाको मृत्युपछि चर्चामा बुद्यौलीविरुद्धको उपचार

बीबीसी

काठमाण्डु । बयालीस वर्षको उमेरमा मृत्यु भएकी भारतीय अभिनेत्री शेफाली जरीवालाको अचानक मृत्यु हुनुको कारण अझै थाहा हुन सकेको छैन।उनको मृत्युको अनुसन्धान गरिरहेका केही प्रहरी अधिकारीहरूले शेफालीले 'एन्टिएजिङ ट्याब्लेट'सहित धेरै औषधिहरू सेवन गरिरहेको बताएका छन्। सम्भवतः खाली पेटमा यी औषधिहरू सेवन गरेका कारण उनको रक्तचाप अचानक घटेको हुन सक्छ।

समाचार एजेन्सी पीटीआईले एक प्रहरी अधिकारीलाई उद्धृत गर्दै जुन २७ तारिख दिउँसो शेफालीले एउटा सुई लगाएकी र सम्भवतः त्यो बुढ्यौली रोक्ने सुई भएको जनाएको थियो। प्रहरी अधिकारीले भने, "उनको रक्तचाप द्रुत गतिमा घट्यो र उनी काम्न थालिन्। यसपछि परिवारका सदस्यहरूले उनलाई अस्पताल लगे।"जुन २७ तारिखको राति शेफाली जरीवालालाई अन्धेरीको बेलभ्यू मल्टिस्पेशियालटी अस्पताल लगिएको थियो। त्यहाँ डाक्टर हरूले उनलाई मृत घोषित गरेका थिए। त्यही रात १ बजे प्रहरीलाई जानकारी दिइयो र त्यसपछि उनको शव पोस्टमर्टमका लागि कूपर अस्पताल पठाइयो।

प्रहरीका अनुसार, "अम्बोली प्रहरीले अहिलेसम्म शेफालीका श्रीमान्, आमाबाबु र घरमा काम गर्ने कामदारसहित १० जनाको बयान लिइसकेको छ। त्यति बेला उनीहरू सबै घरमै थिए। यद्यपि अहिलेसम्म केही शङ्कास्पद कुरा फेला परेको छैन। अनुसन्धानको क्रममा प्रहरीको टोली फरेन्सिक विज्ञहरूसहित उनीहरूको घरमा गयो र धेरै चिजहरूबाट नमुना सङ्कलन गर्‍यो। यसमा शेफालीको औषधि र इन्जेक्सनहरू पनि समावेश छन्।"

तर बीबीसीले शेफालीले साँच्चै नै 'एन्टिएजिङ ट्रिट्मेन्ट' लिन्थिन् वा लिँदैन थिइन् भन्ने चाहिँ पुष्टि गर्न सकेको छन्।शेफाली जरीवालाको मृत्युपछि उमेरसँग सम्बन्धित शारीरिक परिवर्तनहरूलाई रोक्ने यस्ता उपचार विधिमा कस्ता जोखिमहरू जोडिएका हुन सक्छन् भन्ने बारेमा बहस तीव्र भएको छ।हामी पनि यसबारे जान्ने प्रयास गरौँ। शेफाली जरीवालाको मृत्युपछि अभिनेत्री मल्लिका शेरावतले इन्स्टाग्राममा एउटा भिडिओ शेअर गर्दै आफ्ना फ्यानहरूलाई 'स्वस्थ जीवनशैली' अपनाउन सल्लाह दिएकी छिन् । रासस

# भारतमा रोकिनु परेको एक ब्रिटिश जेटको रोचक घटना

बीबीसी

काठमाण्डु । भारतको एउटा विमानस्थलमा झण्डै तीन सातादेखि एक अत्याधुनिक ब्रिटिश लडाकु विमान रोकिएको अवस्थामा छ।

त्यससँगै कसरी यस्तो आधुनिक विमान विदेशमा कैयौँ दिनसम्म अड्किन सक्छ भन्ने प्रश्न उब्जिएको छ।एफ-३५बी जुन १४ मा दक्षिणी राज्य केरलाको तिरुवनन्तपुरम विमानस्थलमा अवतरण गरेको थियो।हिन्द महासागरमा उडान गर्दा खराब मौसममा परेपछि रोयन नेभीको प्रमुख क्यारिअर एचएमएस प्रिन्स अफ वेल्समा फर्कन नसकेपछि उक्त विमानलाई त्यहाँ मोडिएको थियो।

त्यो सुरक्षित रूपमा अवतरण गरेको थियो। तर त्यसबेलादेखि यसमा प्राविधिक समस्या आएको छ र अझै क्यारिअरसम्म फर्कन सकिरहेको छैन। जेट अवतरण भएदेखि एचएमएस प्रिन्स अफ वेल्सका इन्जिनियरहरूले विमानको मूल्याङ्कन गरिरहेका छन्। तर आइरहेका टोलीहरू अहिलेसम्म यसको समस्या सुल्झाउन असमर्थ देखिन्छन्। बिहीवार ब्रिटिश उच्चायुक्तको कार्यालयले बीबीसीलाई एक विज्ञप्तिमार्फत भनेको छः "ब्रिटेनले विमानस्थलको मर्मतसम्भार र ओभरहल स्थलमा विमान सार्ने प्रस्ताव स्वीकार गरेको छ। ब्रिटिश इन्जिनियरिङ टोलीहरू विशेषज्ञ उपकरणहरू लिएर आइपुगेपछि यसलाई ह्याङ्गरमा सारिनेछ र त्यसपछि अन्य विमानहरूको निर्धारित मर्मत सम्भारमा कम अवरोध हुने कुरा सुनिश्चित गरिनेछ।"

"मर्मत र सुरक्षा जाँच पूरा भएपछि विमान सक्रिय सेवामा फर्किनेछ," त्यसमा थप भनिएको छ।"सुरक्षा र सुरक्षा सावधानीहरू पालना गरिएको सुनिश्चित गर्न स्थल टोलीहरू भारतीय अधिकारीसँग निकट रहेर काम जारी राखेका छन्।"तिरुवनन्तपुरम विमानस्थलका अधिकारीहरूले बीबीसीलाई बताए अनुसार



शनिवार ब्रिटेनबाट प्राविधिकहरू आइपुग्ने अपेक्षा गरिएको छ।

११ करोड अमेरिकी डलर पर्ने यस जेटलाई रोयल नेभीका छजना अधिकारीहरूले चौबीसै घण्टा सुरक्षा दिइरहेका छन्। मुम्बईस्थित अब्जर्भर रिसर्च फाउन्डेसनो सेन्टर फर सेक्युरिटी, स्ट्र्याटिजी एण्ड टेक्नोलोजीका निर्देशक डा समीर पाटिलले बीबीसीलाई बताएअनुसार रोयल नेभीसँग यतिखेर दुईवटा मात्र विकल्प छन्ः "तिनीहरूले यसलाई मर्मत गरेर उडान योग्य बनाउन सक्छन् वा यसलाई सी-१७ ग्लोबमास्टर ट्रान्सपोर्ट विमानजस्ता ठूला कार्गो विमानमा राखेर लैजान सक्छन्।"

त्यसरी रोकिनुपरेको जेटको विषय ब्रिटिश तल्लो सदन हाउस अफ कमन्समा पनि उठाइएको छ। सोमवार विपक्षी कन्जरभेटिभ सांसद बेन ओबेज-जेक्टीले सरकारलाई त्यसलाई सुरक्षित पार्न र सेवामा फर्काउन के गरिँदैछ भनेर स्पष्ट पार्न आग्रह गरेको यूके डिफेन्स जर्नलले लेखेको छ।"विमान सद्दे पार्न सरकारले के कदम चालिरहेको छ, त्यसमा कति समय लाग्नेछ र सरकारले जेट ह्याङ्गरमा र बाहिरबाट नदेखिने अवस्था हुँदा गोप्य प्रविधिहरूको सुरक्षा कसरी सुनिश्चित गर्नेछ?," उनको भनाइ उद्धृत गर्दै लेखिएको छ।

ब्रिटिस सशस्त्र फौजसम्बन्धी मन्त्री ल्यूक पोलार्डले विमान निकट रूपमा यूकेको नियन्त्रणमा रहेको पुष्टि गरेका छन्।"हामी हाम्रा भारतीय साथीहरूसँग काम जारी राख्छौँ जसले एफ-३५बी क्यारिअरमा फर्कन नसक्दाको अवस्था उच्च दर्जाको सहयोग गरेका छन्," उनले भने।"म ढुक्क छु कि जेटको सुरक्षा गतिलो हातमा छ किनकि रोयल नेभीका चालक दल सधैँ त्यससाथ छन्।"

एफ-३५बी लकहिड मार्टिनद्वारा निर्मित निकै उन्नत स्टिल्थ जेटहरू हुन्। ती तीव्र गतिको उडान र ठाडो अवतरण क्षमताको लागि खास गनिन्छन्। त्यसैले विमानस्थलमा पार्क गरिएको र केरलामा मनसुनी वर्षाले भिजेको "एक्लो एफ-३५बी" का तस्बिरहरूले सामाजिक सञ्जालमा मीमहरू जन्माइरहेको छ।

एउटा भाइरल पोस्टमा ठट्टा गर्दै ४० लाख अमेरिकी डलरको अत्यधिक प्रतिस्पर्धी मूल्यमा अनलाइन साइटमा बिक्रीको लागि राखिएको लेखिएको थियो।जसमा उक्त जेटमा "स्वचालित पार्किङ, ब्रान्ड-नयाँ टायर, नयाँ ब्याट्री र ट्राफिक उल्लङ्घनकर्ताहरूलाई नष्ट गर्न स्वचालित बन्दुक" जस्ता सुविधाहरू समावेश रहेको भन्दै व्यङ्ग्य गरिएको थियो। एक्समा एक प्रयोगकर्ताले उक्त जेट आफ्नो देशमा धेरै लामो समयदेखि रहेकाले भारतीय नागरिकता पाउन योग्य भएको भनेका छन् भने अर्काले भारतीयले त्यसको भाडा लिन सुरु गर्नुपर्ने र त्यसबापत कोहिनूर हीरा सबैभन्दा उपयुक्त भुक्तानी हुने लेखेका छन्।

बुधवार केरला सरकारको पर्यटन विभाग समेत एक्समा एक पोस्ट लेख्दै त्यस ठट्यौलीमा सामेल भयो जसमा भनिएको थियो "केरला, त्यो गन्तव्य जुन तपाईं कहिल्यै छाड्न चाहनुहुन्न। "उक्त पोस्टको पृष्ठभूमिमा नरिवलको खजूरका रूखहरू सहित धावनमार्गमा रोकिएको एफ-३५बी को एआईद्वारा बनाइएको तस्बिर समावेश छ।

त्यसको पोस्टमा लेखिएका शब्दमा पर्यटकीय पर्चाहरू वर्णन गरिएको "भगवान्को आफ्नै देश" भनिने राज्यमा कैयौँ आगन्तुकहरूझैँ जेटलाई पनि छोड्न गाह्रो भइरहेको उल्लेख थियो। डा. पाटिलले सो जेट अलपत्र परेको हरेक दिनले "एफ-३५बी र रोयल नेभीको छविलाई प्रतिकूल असर पार्ने" टिप्पणी गर्छन्।"ठट्टा, मीम्स, अफवाह र षड्यन्त्र सिद्धान्तहरूले ब्रिटिश रोयल नेभीको छवि र विश्वसनीयतालाई असर गरिरहेको छ। जेट जति लामो समयसम्म अलपत्र रहनेछ, त्यति नै धेरै गलत जानकारी बाहिर आउनेछ।"इन्जिनियरिङ समस्या सुरुमा सोचेको भन्दा "धेरै गम्भीर प्रकृतिको जस्तो" देखिने उनी बताउँछन्।

तर प्रायः सेनाले "सबैभन्दा खराब अवस्था" को लागि तयारी गर्नेमा यतिखेर सो जेट विदेशी भूमिमा अलपत्र परेको उनी बताउँछन्।"धेरैजसो सेनाहरूमा यस्तो घटना हुँदा कसरी प्रतिक्रिया दिने भन्नेबारे स्ट्यान्डर्ड अपरेटिङ प्रसिजर (एसओपी) हुन्छ। त्यसो भए के रोयल नेभीसँग एसओपी छैन?"जसरी बाहिर प्रतिक्रिया आएको छ त्यसले त्यो खराब देखाएको उनी बताउँछन्।"यदि यस्तो घटना शत्रुको क्षेत्रमा भएको भए के उनीहरूले यति धेरै समय लिने थिए? यसले एक व्यावसायिक नौसेनाका लागि धेरै खराब पीआर बनाउँछ।"

# नेपाली महिला फुटबलले 'सबैभन्दा ठूलो उपलब्धि' पाउने सम्भावनाको लेखाजोखा

बीबीसी

काठमाण्डु । बुधवार जब बाङ्लादेश एएफसी महिला एशियन कपमा छनोट भयो, त्यो खबरले नेपाली महिला फुटबल टोलीमा पनि नयाँ तरङ्ग ल्याइदियो।दक्षिण एशियाली प्रतिद्वन्द्वी बाङ्लादेशको यो सफलता नेपाली टोलीको लागि सकारात्मक थियो।



यसले शनिवार उज्बेकिस्तानविरुद्धको निर्णायक खेलमा नेपाली खेलाडीहरूलाई "हालसम्मकै सबैभन्दा ठूलो उपलब्धि"को सम्भावनातर्फ अगाडि बढ्न थप ऊर्जा दिने छ। शनिवारको खेल पनि त अत्यन्त रोमाञ्चक मोडमा पुगिसकेको छ। उज्बेकिस्तानको तास्कन्दमा हुने एशियन कप छनोटको अघिल्लो खेलको नतिजाले दुवै टोलीलाई समान हैसियतमा उभ्याएको छ। दुवै टोलीको ६/६ अङ्क, दुवै टोलीले गरेको गोल सङ्ख्या पनि १७/१७ र दुवै टोलीले कुनै पनि गोल खाएको छैन। यस्तोमा शनिवारको खेलमा स्पष्ट नतिजा निकाल्न जरुरी छ।

एशियाली फुटबल महासङ्घ एएफसीको नियमअनुसार त्यसपछि पनि दुई टोलीको समान अङ्क र गोल अन्तर पनि समान भएमा सिधै पेनाल्टीबाट नतिजा निकालिने छ।शनिवारको खेलको नतिजाले दुईमध्येको एकलाई अर्को वर्ष अस्ट्रेलियामा हुने एशियन कपमा पुर्‍याउने छ। झट्ट हेर्ने हो भने उज्बेकिस्तानको स्थिति नेपालभन्दा अलि बलियो देखिन्छ। उज्बेकिस्तान फिफा वरीयतामा ५१ औँ स्थानमा छ भने नेपालको वरीयता १०० औँ छ।त्यस्तै यो खेल उज्बेकिस्तानको घरेलु मैदानमा हुँदै छ र घरेलु खेलाडीहरूलाई त्यसबाट पनि फाइदा हुन सक्छ।नेपालले पहिलो खेलमा लाओसलाई ९-० ले पराजित गर्दा दोस्रो खेलमा श्रीलङ्कालाई ८-० ले हराएको थियो।

यता उज्बेकिस्तानले पहिलो खेलमा श्रीलङ्कालाई १०-० ले तथा दोस्रो खेलमा लाओसलाई ७-० ले पराजित गरेको थियो। तर मैदानमा नेपाली महिला खेलाडीहरूले देखाएको प्रदर्शनलाई हेर्ने हो भने टोली पनि कुनै हालतमा कमजोर देखिएको छैन।टोलीमा अहिले दुई पक्ष निकै मजबुत देखिन्छन्। पहिलो कुरा खेलाडीहरूले 'टीमवर्क' मा निकै जोड दिएका छन्।मैदानमा त्यसको प्रभाव पनि देखिएको छ। खेलाडीहरूबीच खेलको तालमेल र गोल निस्केको तरिकाले खेलाडीहरूमा आत्मविश्वास बढेको देख्न सकिन्छ।

नेपाली कप्तान सावित्रा भण्डारी 'साम्बा' ले पत्रकार सम्मेलनमा भनेकी छिन्, " हामीले टीमवर्कमा विशेष ध्यान दिएका छौँ। त्यसले खेलमा राम्रो भएको छ।"

> नेपाली कप्तान सावित्रा भण्डारी "साम्बा" ले पत्रकार सम्मेलनमा भनेकी छिन्, " हामीले टीमवर्कमा विशेष ध्यान दिएका छौँ। त्यसले खेलमा राम्रो भएको छ।"

यसपालिको नेपाली टोलीको नयाँ पक्ष भनेको प्रशिक्षक प्याट्रिक डे वाइल्डको बुझ्न नसकिने खालको रणनीति पनि हो।बेल्जियमका यी प्रशिक्षकले आउनेबित्तिकै टीमको संरचनामा उथलपुथल नै गरिसकेका छन्।नियमित कप्तान गोलकीपर एन्जिला तुम्बाप्पो सुब्बा टीममै छैनन्। कप्तानको जिम्मेवारी सावित्रा भण्डारीको काँधमा छ अनि प्रशिक्षकले आक्रामक फुटबलमा जोड दिएको देखिएको छ।

उनले प्रतियोगितामा भाग लिनुअगाडि नै नेपाली टोलीमा योग्यताअनुसार जोकोही खेलाडी तलमाथि हुन सक्ने बताएका थिए।कतिपय विश्लेषकका अनुसार प्रशिक्षकले अघिल्लो दुई खेलमा खेलाडीको टोलीभन्दा फाइनलको संरचना बेग्लै हुन सक्ने छ। उज्बेकिस्तानमा नेपालको खेल प्रत्यक्ष हेरिरहेका पत्रकार नायक पौडेल भन्छन्, "प्रशिक्षकले आफ्नो पहिलो रोजाइको बलियो टोली त देखाएकै छैनन्। उज्बेकिस्तानका खेलाडीहरूले त्यही दिन मात्र नयाँ नेपाली टोली देख्ने छन्।"

श्रीलङ्कासँगको खेलमा मिड्फील्डर प्रीति राई घाइते भएकी थिइन्। तर उनको चोट सामान्य रहेको र शनिवारको खेलसम्ममा उनी ठिक हुने एन्फाले बताएको छ।अर्कोतर्फ शनिवारको निर्णायक खेलमा नेपालभन्दा बढी दबाब आयोजक उज्बेकिस्तानका खेलाडीहरूमाथि नै हुने छ।एशियन कपमा नेपालले तीन पटक भाग लिइसकेको छ। तर त्यति बेला छनोट खेल्ने प्रणाली थिएन।यसपालिको छनोट पार गरेमा त्यो नेपाली महिलाको अहिलेसम्मकै ठूलो सफलता बन्ने छ। त्यसले टोलीको ओलिम्पिक छनोट र विश्वकप छनोटसम्मको आगामी यात्रा सहज हुन सक्ने छ।

# माझी समुदायको भाषा जोगाउन प्रशिक्षण

मन्थली । आफ्नो समुदायको भाषा, संस्कार र संस्कृति जोगाउन रामेछापका माझी युवा लागेका छन् ।

बुढापाकासँग आफूले सिकेर भाषा र संस्कारका विषयमा अन्तर पुस्ता हस्तान्तरण पनि गराइरहेका छन् । विशेषगरी नदीकिनारमा बसोवास गर्ने माझी समुदायका मानिसले आफ्नो भाषा र संस्कृति हराउने सम्भावना बढेपछि माझीको सामाजिक विषयवस्तुमा छलफल गर्ने एकीकृत गर्नती समुदायका विभिन्न १० स्थानमा भाषा तथा संकृतिका बारेमा बालबालिकालाई प्रशिक्षण दिइरहेको छ ।



भाषा र संस्कृति जोगियो भने मात्र माझीको पहिचान जोगिने भएकाले आफ्नो पहिचान जोगाउन पनि यस्ता कार्यक्रम माझी समुदायको टोलटोलमा गरिएको मन्थली नगरपालिका-८ गाइखुराका वालकृष्ण माझीले बताउनुभयो ।

रामेछापको मन्थली नगरपालिकास्थित गाइखुरा, जखनिटार, हाटेचउर, कुनाउरी, रुमालेचोक। हात्तिटार, सेलेघाट भटौली र खाँडादेवी गाँउपालिकाको रजगाँउ गरी माझी समुदाय रहेको विभिन्न स्थानमा माझीरुको भाषा र संस्कृतिका वारेमा पढाइ हुने गरेको छ ।

पछिल्लो पुस्ताले भाषा, संस्कृति धर्म संस्कार नविर्सिउन भनेर जिल्लाका १० स्थानमा आफ्नो संस्थाको आयोजनामा यो कार्यक्रम सञ्चालनमा रहेको मजे सावा रामेछापका संयोजक श्रीबहादुर माझीले बताउनुभयो । माछा मार्नु, बिभिन्न घाट तथा नदीमा डुङ्गा चलाउनु माझी समुदायको पुख्यौली पेशा हो । नदी तथा खोलामा विषादी हालेर माछा मार्ने क्रम बढेको र अधिकांश नदी तथा घाटमा मोटरेबल तथा झोलुङ्गे पुल बनेका कारण अहिले उनीहरुको पुर्ख्यौली पेशा लोप हुने अवस्थामा पुगको छ ।


भाषा र सस्कृति जोगाउने कामका लागि प्रशिक्षण गर्न आदिवासी हिमाली समाजले आर्थिक सहयोग गरेको छ । रासस

# रैथानेबाली सङ्कटमा

तानसेन । यहाँका किसानहरु पछिल्लो समय खेती लगाउने सयममा उन्नत जातका बीउप्रति आकर्षित भएपछि रैथानेबाली सङ्कटमा पर्दै गएका छन् । उत्पादन बढी हुने र छिटो फल्ने हुँदा यहाँका किसान परम्परागत रैथाने बीउ छोडेर उन्नत जातका बीउ (हाइब्रिड)प्रति आकर्षित भएका हुन् ।

तानसेनको दमकडाकी सीतादेवी गौतमले पहिले-पहिले धान, मकै, प्याज, मूलाजस्ता कृषि उपजको रैथाने बीउ घरमै उत्पादन गर्ने गर्नुहुन्थयो । उहाँकोमा बीउ लिन जिल्लाका विभिन्न ठाउँबाट किसान त्यहाँ पुग्ने गर्ने तर हिजो आज भने बजारमा नै पाइने बीउ ल्याएर किसानले लगाउन थालेपछि भने गौतम कहाँ बीउ लिन कोही पनि आउँदैनन् । किसानले उन्नत जातका बीउ ल्याएर लगाउन थालेपछि आफुले अहिले बीउ घरमा राख्न छोडेको उहाँ बताउनुहुन्छ ।

बर्खामा धान खेतीले भरिभराउ देखिने माथागढीका देउगीर, झडेवा, चिदीपानी, पूर्वखोलाका जल्पा, रिङ्नेरहजस्ता ठाउँमा मङ्सिर लाग्दा नलाग्दै खनजोत गरेर ठिकठाक हुन्थ्यो । कतै मुला, व्याजका बिरुवा त कतै सेतो केराउ लगाउन किसानलाई भ्याइनभ्याइ हुन्थ्यो । अहिले भने यहाँका खेत किसानका लागि बिरानो जस्तै बनेका छन् । रैथाने बीउ बेचेरै किसानको गुजारा चलेको थियो । पछिल्लो समय हाइब्रिडले बजार ओगटेपछि यहाँको स्थानीय जातको बीउ उत्पादन हुन छाडेको छ । बीउ किन्न किसानको घरदैलोमै पुग्ने व्यापारी हाइब्रिडमा आकर्षित हुन थालेपछि उत्पादन गर्न छाडेको किसान बताउँछन् । स्थानीय जातभन्दा हाइब्रिड सस्तो भएपछि खेती छाडेको देउगीरका किसान जीवन रायमाझी बताउँनुहुन्छ ।



पाँच वर्षअघिसम्म लाखौँको मुला, प्याजको बीउ उत्पादन हुने यहाँका खेत आजभोलि किसानका लागि बिरानो बनेको उहाँ सुनाउनुहुन्छ ।

निस्दी गाउँपालिका मित्यालका धनबहादुर ठाडा भन्नुहुन्छ "पहिले-पहिले बारीमा पाइने सानो तितोकरेलाको बीउ नै पाइन छाड्यो । बीउ हराएसँगै सानो डल्ले प्रकृतिको करेलो नै हरायो । जब बजारमा लामा लामा बीउ आउन लागेपछि करेला मात्र होइन टमाटरको बीउ पाइन छाड्यो ।" वैशाखमा बारीमा मकैसँग छरिने काँक्रो पनि हरायो । बीउ राख्ने चलन नै हरायो । बजारमा धेरै फल्ने हाइब्रिड जातको बीउ आउन लागेपछि स्थानीय रैथाने जातको बीउ नै हरायो । यो अत्यन्त दुःखद् कुरा भएको स्थानीय लालबहादुर सोती बताउनुहुन्छ । "टमाटर, खुर्सानी, भिण्डी, भाण्टा, मुलाजस्ता स्थानीय जातका बीउ गाउँमा राख्न छाडेपछि बाली नै हरायो", उहाँले भन्नुभयो ।

पहिलापहिला घरयासी प्रयोजनका लागि लगाइने अकबरे खुर्सानीको बीउसमेत हराउँदै गयो । पुरानो बीउ हराएपछि पनि बजारका बीउका कारणले पनि मूल्यमा ह्रास आएको रैनादेवी छहरा गाउँपालिका मुझुङका रमेश कार्कीले बताउनुभयो ।

कालानमक, झिनुवा, कृष्णभोग, अनदी, समुद्रफिनी, मन्सरा, लल्का बासमती, पोखरेली मसिनोजस्ता रैथाने बास्नादार र स्वादिलो चामल अचेल सितिमिति भेटिँदैन । बोडी-सिमीका स्थानीय जात, मसिना चुच्चे करेला, रैथाने काँक्रो, रायो, ठूल्ठूला झाल हुने स-साना गोलभेँडा, कुभिण्डो, पाटे घिरौंलो, घैया धान, रातो चामल हुने सिम्ठारो धान, सेतो मकै, रैथाने मास-मस्याङ-गुराँस-भटमास पनि भेट्न मुश्किल पर्छ । यस्तो किन भइरहेको छ त ? बुझ्न गाह्रो छैन । खाने मुख र बजारको माग बढेपछि धेरै अनाज र तरकारी फलाउनुपर्ने बाध्यताले किसानलाई 'विकासे' बीउ लगाउन हौस्याएको हो । कृषि प्राविधिक आरसी चौधरीभने किसानले कम उत्पादन हुने रैथाने छाडेर धेरै फल्ने वर्णसंकर बीउ लगाउनुलाई स्वाभाविक नै ठान्नुहुन्छ । "रैथाने जातको संरक्षण गरिदिने काम किसानको होइन, सरकारको हो", उहाँ भन्नुहुन्छ ।रासस

# 'ड्रागन फ्रुट' को व्यावसायिक खेती

खोटाङ । रावाबेँसी गाउँपालिका-६ हौँचुरका सरोज खालिङ राई रोजगारीको खोजीमा सन् २००९ मा युएई (युनाइटेड अरब इमिरेड्स) दुबाई पुग्नुभएको थियो । तीन वर्ष अर्काको देश (दुबाई)मा श्रम र पसिना बगाउनुभएका सरोजले धेरै अनुभव र थोरै पैसा लिएर सन् २०१२ मा स्वदेश नेपाल फर्कनुभयो ।



मेनपावर कम्पनीमा बुझाएको धरौटी रकम फिर्ता गरेर केही रकम बचत गर्नुभएका सरोज स्वदेश फर्किएपछि पुनः विदेश नजाने निचोडमा पुग्नुभयो । अर्काको देशमा आफूले पाएको दुःख सम्झेर पुनः विदेश नफर्कने निर्णयमा पुग्नुभएका सरोजले गाउँ फर्किएर व्यावसायिक बङ्गुर फार्म सञ्चालन गर्नुभयो ।

सुरूमा बङ्गुरले राम्रो उत्पादन दिँदै थियो । व्यावसायिक बङ्गुर पालनमा निकै उत्साहित बन्नुभएका सरोज आफूले उत्पादन गरेका बङ्गुर बिक्री नभएपछि छोटो समयमै निरुत्साहित बन्नुभयो । बङ्गुरपालनबाट करिब रु १८ लाख घाटा बेहोर्नुभएको छ ।

ठूलो लगानीमा सुरू गर्नुभएका बङ्गुरपालन व्यवसाय छाडेर सरोज पुनः बाख्रापालनमा लाग्नुभयो । बाख्रापालनका लागि जनशक्ति अभाव भएपछि त्यसलाई पनि छाड्नुभएका सरोजले सम्भावनाका खोजी गर्न भने छाड्नुभएन ।

गाउँमै केही गर्ने उद्देश्यसहित सम्भावनाका खोजी गरिरहनुभएका सरोजले छ वर्षअघि एउटा युट्युब च्यानलमा 'ड्रागन फ्रुट'को व्यावसायिक खेती गर्ने विधिसम्बन्धी दिइएको जानकारी राम्ररी हेर्नुभयो । गाउँमै बसेर केही गर्ने हुटहुटीमा छटपटाइरहनुभएका सरोज त्यो युट्युब च्यानलकै माध्यमबाट भारतको हैदरावादसम्म पुगेर ड्रागन फ्रुटखेती गर्ने विधिसम्बन्धी हप्ता दिनको तालिम लिनुभयो ।

तालिम लिएकै ठाउँबाट २५० वटा ड्रागन फ्रुटका बिरुवा खरिद गरी साथमै लिएर आफ्नो घर हौँचुर फर्कनुभयो । घरमा आएर पाखो बारीमा रोप्नुभयो । अहिले ती बिरुवालाई मदर प्लान्ट (आमा बोट)को रूपमा विकास गर्दै त्यसैबाट बर्सेनि नयाँ बिरुवा उत्पादन गरेर विस्तार गर्नुभयो ।

सुरूमा २५० वटा बिरुवा ल्याएर व्यावसायिक खेती थाल्नुभएका सरोजको फार्ममा अहिले दुई हजार ७०० वटा ड्रागन फ्रुटका बोट छन् । सरोजको फार्मभरि अहिले राताम्मे भएर फलेका ड्रागन फ्रुट टिप्ने दोस्रो लट (चरण)को सिजन (समय) सुरू भएको छ ।

तीन वर्षअघिदेखि उत्पादन दिन थालेको फार्मबाट गत वर्ष दुई हजार केजी बिक्री भएको थियो । बर्सेनि उत्पादन वृद्धि हुँदै गएको फार्ममा यस वर्ष तीन हजार केजीभन्दा बढी ड्रागन फ्रुट उत्पादन हुने अनुमान गरिएको सरोजले जानकारी दिनुभयो ।

एउटा बोटबाट सरदर २५ केजी उत्पादन हुन थालेको फार्मबाटै प्रतिकेजी रु ३०० मा बिक्री गर्दा रु छ लाख सङ्कलन भएको सरोजले जानकारी दिनुभयो । करिब २० रोपनी पाखो बारीमा लगाइएको ड्रागन फ्रुट खरिद गर्नका लागि ग्राहक सरोजको घरैसम्म पुग्ने गरेका छन् ।

ड्रागन फ्रुट खरिदका लागि घरैमा आउने ग्राहकलाई प्रति केजी रु ३०० मा बिक्री गरिरहेको सरोजले जानकारी दिनुभयो । "खेती हेर्नकै लागि पनि मानिसहरू फार्ममा पुग्ने गरेका छन् । ड्रागन फ्रुट पाकेको सूचना फेसबुकमा हालेपछि ताजा फल खान र चाख्नैका लागि पनि ग्राहकहरू आउँछन्", उहाँले भन्नुभयो, "ड्रागन फ्रुटको माग बढ्दो छ । ग्राहकको मागलाई मध्यनजर गरेर थप जग्गामा खेती विस्तार गरिरहेको छु । आगामी दिनमा प्रतिकेजी रु ५० सम्ममा बिक्री गर्नेगरी विस्तार गरिरहेको छु ।"

ड्रागन फ्रुटमा औषधीय गुण हुने र नेपालको लागि नौलो किसिमको फल भएका कारण माग बढ्दै गएको सरोजले बताउनुभएको छ । कृषि पेसामा फाइदा हुँदैन भन्ने भनाइलाई गलत सावित गर्दै सरोज व्यावसायिक ड्रागन फ्रुटखेतीमा रमाउनुभएको छ ।

एक छोरा र एक छोरीकी बुबा सरोजलाई श्रीमती कौशिला लिम्बूले सहयोग गर्दै आउनुभएको छ । झापाको गोमेन्द्र बहुमुखी क्याम्पसमा व्यवस्थापन सङ्काय लिएर स्नातकसम्म अध्ययन गर्नुभएका सरोजले २०७६ सालबाट गाउँमा आएर ड्रागन फ्रुटको व्यावसायिक खेती सुरू गर्नुभएको हो ।

सरोज र कौशिला दम्पती काम गर्ने जाँगर र आँट भए स्वदेशमै मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरणसमेत बन्नुभएको छ । युवा शक्ति विदेश पलायन हुनुभन्दा आफ्नै मुलुकमा उत्पादनमा जोडिनुपर्छ भन्ने सन्देश प्रवाह गर्न ड्रागन फ्रुटखेती सुरू गरेको उहाँहरू बताउनुहुन्छ ।

ड्रागन फ्रुट फूल फुलेको ३५-४५औँ दिनमा फल पाकेर खानका लागि योग्य हुने र टिपेर राख्दा १० र १५ दिनसम्म नबिग्रिने सरोजले जानकारी दिनुभयो । सरोजले ड्रागन फ्रुटखेतीका लागि मात्र रु १८ लाख लगानी गरिसक्नुभएको जनाइएको छ ।

व्यावसायिक कृषि पेसामा होमिएका किसानको बजारको चिन्ता नहुने गरी बजार प्रवर्द्धन गर्ने र उत्पादनमा आधारित भएर अनुदान दिने वातावरण मिलाउनुपर्नेमा सरोजको जोड छ । सामान्य अनुदानले कृषि क्षेत्रको प्रवर्द्धन नहुने र उत्पादन पनि नबढ्ने भएकाले राजनीतिक स्वार्थभन्दा माथि उठेर किसानका लागि सहयोग गर्न सरकारलाई सरोजको आग्रह छ ।

सरोजले सुरू गर्नुभएको व्यावसायिक कृषि फार्ममा ड्रागन फ्रुटसँगै आँप, कागती र केराको व्यावसायिक खेती गर्नुका साथै मौरीपालन गर्नुभएको छ । सरोजको फार्ममा लगाइएका ड्रागन फ्रुट, केरा र मौरीले उत्पादन दिन थाले पनि आँप र कागतीका बिरुवा भने भर्खर हुर्कँदै गरेका छन् ।

एकपटक बिरुवा लगाएपछि समय-समयमा सामान्य गोडमेल र सिँचाइबाहेक अन्य केही गर्नु नपर्ने र रोपेको २०/२५ वर्षसम्म लगातार फल दिने हुनाले अन्न खेतीबालीको तुलनामा यसको खेतीबाट राम्रो आम्दानी हुने सरोजले बताउनुभयो । जेठ अन्तिमदेखि मङ्सिर अन्तिमसम्म फल दिने ड्रागन फ्रुटको एउटै बोटबाट हरेक वर्ष आठ पटकसम्म फल टिप्न मिल्ने सरोजले जानकारी दिनुभयो ।

घरेलु तथा साना उद्योग कार्यालय खोटाङमा 'हिमालयन एग्रो फार्म' दर्ता गरेर व्यावसायिक कृषि व्यवसाय सुरू गर्नुभएका सरोजलाई गाउँपालिकाले ड्रागन फ्रुटका लागि पिलर निर्माण तथा टायर खरिदका लागि रु दुई लाख अनुदान रकम उपलब्ध गराइएको कृषि शाखा प्रमुख उद्धव बास्तोलाले जानकारी दिनुभयो । युवा कृषक सरोजलाई आगामी दिनमा सहयोग गर्ने योजना रहेको गाउँपालिकाले जनाएको छ ।रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय रमानन्द चौक, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०३/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०१/०४ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

धनुषा जिल्ला, कमला न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगीक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषामा मिति २०७७/१०/२२ गते उद्योग दर्ता नं. १३७६२/११३२/०७७/०७८ तथा आन्तरिक राजश्व कार्यालय बिराटनगरमा मिति २०७७/१०/२२ मा स्थायी लेखा नम्बर (PAN) ३००७४८४६६ अन्तर्गत दर्ता कायम भएको **क्रि.बी. कृषि फर्म** ।

**प्रोप्राइटर : रामेश्वर प्रसाद मंडल**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. नन्द लाल मंडलको नाति, विन्देश्वर मंडलको छोरा, धनुषा जिल्ला, साविक सिंग्याही मडान गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, कमला गा.पा./न.पा. वडा नं. ६ बस्ने **रामेश्वर प्रसाद मंडल** (ना.प्र.नं. ८६८३२२२५, जारी मिति २०५४/०३/२६, जि.प्र.का. धनुषा) । | २. विन्देश्वर मण्डलको बुहारी, रामेश्वर प्रसाद मंडलको पत्नी, सप्तरी जिल्ला, साविक औरही गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, कमला गा.पा./न.पा. वडा नं. ६ बस्ने **जोगमाया मण्डल** (ना.प्र.नं. ४३२०, जारी मिति २०५९/१०/०१, जि.प्र.का. सप्तरी) । |

**धितोको विवरण**

१. क्रि.बी. कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाईपोथिकेशन सुरक्षण ।
२. रामेश्वर प्रसाद मंडल (ना.प्र.नं. ८६८३२२२५, जारी मिति २०५४/०३/२६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक छौडा मडान गा.वि.स./न.पा. वडा नं. ५ हाल धनुषा जिल्ला, कमला न.पा. वडा नं. ६ स्थित कि.नं. ७७० को क्षेत्रफल ०-५-० (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय रमानन्द चौक, धनुषाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०४/०४ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय रमानन्द चौक, धनुषामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०४/०५ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय रमानन्द चौक, धनुषामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिय कर्जा असुली विभाग तथा शाखा कार्यालय रमानन्द चौक, धनुषामा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : रमानन्द चौक, धनुषा
फोन नं. ०४१-५२७५५०
Website : www.siddharthabank.com



## भूमिसुधार तथा मालपोत कायर्यालय जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा रमदैया भवाडी गा.वि.स. वडा नं. ७ हाल परिवर्तित क्षीरेश्वरनाथ न.पा. वडा नं. १ मा बस्ने कारी यादवको नाती श्री किसुन यादवको छोरा सूर्यनारायण यादव-१ र रामचन्द्र यादव-१ समेत २ जनाले हामीहरुको हजुरबुवा श्री कारी यादवको नाउँमा साविक रमदैया भवाडी गाउँ पंचायत अन्तर्गत मौजे भवाडी कट्टीको सा.कि.नं.५५ क्षेत्रफल ०-१-० लगत कायम रहेको जग्गा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. रमदैया भवाडी वडा नं.९ख कि.नं.२६ क्षेत्रफल ०-१-२-० जग्गा कारी यादवको नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा वाजे कारी मिति २०३४ साल अगावै मृत्यु भई निजको हकभोग खाने पत्नी सुगीया देवी यादवको मिति २०३२ साल अगावै मृत्यु भई निजहरुको हकभोग खाने निजहरुको छोरा हामी निवेदकहरुको बुवा श्री किसुन यादवको मिति २०७७/११/२९ मा मृत्यु भई निजको हकभोग खाने पत्नी हामी निवेदकहरुको आमा सिता देवी यादवको मिति २०७८/०२/०३ को मृत्यु भई निजहरुको हकभोग खाने दुई छोराहरु हामी निवेदकहरु सूर्यनारायण यादव-१ र रामचन्द्र यादव-१ समेत २ जना भएकोले हामीहरुको संयुक्त नाममा छुट जग्गा नामसारी गरि पाउँ भनी द.नं. १४४१६ मिति २०८१/१०/०८ र द.नं.२८६२६ मिति २०८२/०३/१० को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/१३ को अदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले वाटोको म्याद वाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि. नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | रमदैया भवाडी | ९ख | २६ | ०-१-२-० | यो जग्गा पं. रमदैया भवाडी बस्ने कारी यादवको नम्बरी हो प्रमाणित गर्ने उ.प्र.शिवनन्दन यादव द. |



## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट
## मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही मटुक कुम्हार पिप्रा भगवनपुर वार्ड नं.३ भगुवा (बेपते) मोही लगत कटा गरी पाउँभनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ ।तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिनभित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथाकानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

| ज.ध. को नाम | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल | |
|---|---|---|---|---|---|---|
| गुलसन सेखिन | रौतहट | पिप्रा भगवानपुर | १ | ११६/२०१५ | ०-०-१८-२ | बेपते (भगुवा)मोही :- मटुक कुम्हार (पिप्रा भगवनपुर वार्ड नं.३) हाल राजपुर न.पा.१ |
| गुलसन सेखिन | रौतहट | पिप्रा भगवानपुर | १ | ११६/२०१६ | ०-०-७-२ | |

# जसपा मधेश प्रदेशका अध्यक्ष यादव फरार



**टुडे समाचारदाता**

मलंगवा । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेशका अध्यक्ष अशोककुमार यादव फरार भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) योगेन्द्रकुमार खड्कासँग गालीगलौचमा उत्रिएका पूर्वप्रदेश सांसद यादवलाई सर्लाही जिल्ला अदालतले शुक्रबार आपराधिक उपद्रो कसुरमा पक्राउ पुर्जी जारी गरेको थियो । जिल्ला अदालतले पक्राउ गर्न अनुमति प्रदान गरेलगत्तै प्रहरीले कविलासी नगरपालिका-१० स्थित सलेमपुरका यादवको खोजी गर्न थालेपछि उनी फरार छन् ।

सर्लाही प्रहरीका सूचना अधिकारीसमेत रहेका प्रहरी नायब उपरीक्षक (डिएसपी) सरोज राईले शनिबारसम्म यादव पक्राउ नपरेका बताए । अध्यक्ष यादवको खोजीमा प्रहरी तैनाथ भइरहेको डिएसपी राईले बताए ।

अध्यक्ष यादवलाई पक्राउ गर्न भन्दै प्रहरीले सदरमुकाम मलंगवास्थित जिल्ला प्रहरी कार्यालय सर्लाहीमा जिल्लाका विभिन्न युनिटबाट थप मद्दतमा ठुलो संख्यामा प्रहरी जम्मा पारेको छ । जिल्ला प्रहरी प्रमुखसँग गालीगलौचमा उत्रिएपछि बिहीबार मध्यराति नै यादवलाई पक्राउ गर्न जाँदा उनका समर्थकले प्रहरीको गाडी तोडफोड र अवरोध गरेकाले पनि यादवलाई पक्राउ गर्नुपूर्व नै उच्च सुरक्षा सावधानी अपनाइएको छ ।

जसपा प्रदेश अध्यक्ष यादव र सर्लाही प्रहरी प्रमुख खड्काबीच टेलिफोनमा भएको बाझाबाझ अहिले सामाजिक सञ्जाल र सञ्चारमाध्यममा भाइरल छ । यादव र एसपी खड्काबिच बिहीबार राति टेलिफोनमा गालीगलौच भएको थियो ।

आर्थिक चलखेल गर्ने सदरमुकाम मलंगवास्थित पूर्वाधार विकास कार्यालयमा उल्टै प्रहरी तैनाथ गरेर सेवा प्रवाह गरिएकोप्रति जसपा मधेश प्रदेश अध्यक्ष यादवले एसपी खड्कालाई टेलिफोन गरेर आपत्ति जनाए । अध्यक्ष यादवले पूर्वाधार विकास कार्यालयमा आर्थिक वर्षको अन्तिममा अनियमित ढंगले काम भइरहेको र त्यसमा प्रहरीले सुरक्षा दिएर गलत गरेको एसपी खड्कासँग भने ।

सो कुराकानीकै क्रममा यादवले एसपी खड्कालाई 'तिमीहरु लुटेरा, मधेशमा कमाउन भनेर आएको' भनेका छन् । त्यसपछि जसपाका प्रदेश अध्यक्ष यादव र एसपी खड्काबीच अपशब्द प्रयोग गर्दै बाझाबाझ गरेको टेलिफोन अडियो अहिले यत्रतत्र भाइरल बनेको छ ।

असार १२ गते पूर्वाधार विकास कार्यालय मलंगवामा केही व्यक्ति आएर विभिन्न योजनाको फाइल खोसेर लगेपछि प्रहरी परिचालन हुँदै आएका थिए । जसपाका मधेश प्रदेश अध्यक्ष यादवकै नेतृत्वमा फाइल खोसेर लगिएको आरोप लागेको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता राईले दिएको जानकारी अनुसार १२ गतेको घटनापछि असार १३ गतेदेखि पूर्वाधार विकास कार्यालयमा निरन्तर प्रहरी तैनाथ गर्ने गरिएको छ । पूर्वाधार विकास कार्यालय मलङ्गवामा योजना बिक्री, योजनाको रकम भुक्तानीलगायत काममा व्यापक आर्थिक चलखेल हुने गरेको गुनासो व्यापक रुपमा आइरहेकै छ ।

आफूविरुद्ध पक्राउ पूर्जी जारी भएपछि यादवले आम जनताको गुनासो र आवाजलाई सम्बोधन गर्न खोज्दा उल्टै आफूलाई फसाउन खोजिएको गुनासो पोखे । उनले पूर्वाधार कार्यालयका प्रमुख विजय यादव दिनभर रौतहटको चन्द्रनिगाहपुरमा बस्ने गरेको र राति कार्यालयमा आएर अनियमित हिसाबले चेक काट्ने काम गरिरहेको प्रति आपत्ति जनाउँदा प्रहरी प्रशासन नै आफूविरुद्ध लागेको आरोप लगाए ।

अध्यक्ष यादवको पार्टी जसपा सर्लाहीले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै प्रहरी प्रशासनले पार्टीका प्रदेश अध्यक्ष यादवमाथि दुर्व्यहार गरेको र मध्यराति डाका शैलीमा प्रहरी घरभित्र प्रवेश गरेको आरोप लगाएको छ । जसपा सर्लाहीका अध्यक्ष शम्भुप्रसाद यादवले हस्ताक्षरित विज्ञप्तिमा गल्ती गर्ने प्रहरी प्रमुखले माफी माग्नुपर्ने उल्लेख गरिएको छ ।

# चिनी मिल सञ्चालन हुनेमा किसान आशावादी

व्यापारिक घराना गोल्छा समूहको स्वामित्वमा रहेको मिल व्यवस्थापन पक्षले करोडौं घाटामा गएको र बाध्यात्मक परिस्थिति जनाउँदै २०७७ साउन १० गतेदेखि मिल बन्द गरेको थियो ।




**टुडे समाचारदाता**

जनकपुरधाम । वर्षौंदेखि बन्द रहेको चिनी मिल सञ्चालन हुनेमा किसान आशावादी देखिएका छन् ।

रौतहटको गरुडा नगरपालिका-५ स्थित श्रीराम सुगर मिल सञ्चालन हुनेमा किसान आशावादी छन् । पछिल्लो समय मिल सञ्चालकले बैंक, कर्मचारी, सप्लायर्सको दायित्व व्यवस्थापन गर्न सकेको खण्डमा मिल सञ्चालन गर्न सकिने बताएपछि किसानहरु खुसी समेत भएका छन् ।

व्यापारिक घराना गोल्छा समूहको स्वामित्वमा रहेको मिल व्यवस्थापन पक्षले करोडौं घाटामा गएको र बाध्यात्मक परिस्थिति जनाउँदै २०७७ साउन १० गतेदेखि मिल बन्द गरेको थियो । जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि, उखु किसानको निरन्तर आन्दोलन र सरकारी तवरबाट समेत मिल सञ्चालनको लागि पहल भएपछि व्यवस्थापन पक्षले दायित्व मिलानको समस्या हल भएपछि मात्र मिल सञ्चालनको प्रक्रिया अघि बढाइने बताएको छ ।

मिलका प्रतिनिधि रमेश दाहालले भने, 'तत्कालै सञ्चालन नहुने भए पनि सो दायित्वको समस्या हल भएमा निकट भविष्यमा सञ्चालन गरिने योजनामा मालिकहरू छन् । यसका लागि सबै कुरा मिल्नु पर्छ ।'

मिल बन्द भएपछि ऋणको अवस्था देखाउँदै नेपाल बैंक लिमिटेड केन्द्रीय कार्यालयले डेढ वर्षअघि ४३ करोड रुपैयाँमा लिलाम निकालेको थियो ।

उक्त मिलको पार्टपूर्जा लिलाम सकारेर अवस्था बुझ्न केन्द्रको कर्जा असुली विभागका प्रबन्धक यज्ञमूर्ति बस्यालसहितको टाली आएका थिए । टोली श्रीराम सुगर मिल परिसर पुग्नासाथ किसानले घेराबन्दी गरे । बैंकले समानको अवस्था बुझेर लैजाने तयारी गर्नुपर्ने थियो । तर टोलीले सोचेको जस्तो समय अनकूल भएन । मिल परिसरमा बैंकको टोली पुगेको थाहा पाउनासाथ किसानको समूह घेर्न पुगे । बैंकको टोलीलाई भित्र छिर्नै दिएन ।

इलाका प्रहरी कार्यालय गरुडाको टोली पुगेर बैंकको प्रतिनिधिहरूलाई तत्कालै उद्धार गरेर कार्यालयमा लग्यो । मिलको समान कुनै हालतमा लैजान नदिने अडानमा किसान थिए । उनीहरूले बैंकले गरेको लिलाम बदरको माग अघि सारे । बैंकको केन्द्रीय कार्यालयले दिएको जानकारी अनुसार अहिले लिलाम प्रक्रिया बदर गरेर सकार गर्ने व्यक्तिको रकम समेत फिर्ता दिइसकेको छ ।

बैंकले लिलाम बदर गरेको र मिल सञ्चालकहरू सकारात्मक देखिएकाले पनि आफूहरू आशावादी भएको उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवले बताए । 'अझै पनि हामीहरू मिल सञ्चालकलाई कुन हिसाबले सहयोग गर्ने पर्ने हो, त्यो गर्न तयार छौं,' उनले भने,'मिल सञ्चालन गर्न यहाँका किसानहरू सहयोग गर्न तयार छन् । हामी अब खुसी छौं ।' मिल बन्द भए पछि जिल्लाका किसानहरू एकजुट छन् । उनीहरूले प्रधानमन्त्री, विभिन्न राजनीतिक दल, सांसद, मन्त्री, र जनप्रतिनिधिहरू गुहार्दै आएका छन् । उखु उत्पादक संघ रौतहटको अगुवाइमा जिल्लाभरिका किसानले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र तत्कालीन अर्थमन्त्री प्रकाशशरण महतलाई भेटेर गरुडा मिल सञ्चालनका लागि पहल थाल्न अनुरोध गरेका थिए ।

२०४९ सालमा शिलान्यास भइ २०५१ सालबाट मिलले उखु क्रसिङ थालेको छ । मिल स्थापना भएदेखि जिल्लामा १६ हजार उखु किसान रहेको उखु उत्पादक संघले जनाएको छ । गोल्छा समूहको स्वामित्वमा रहेको मिल करोडौंको घाटा र बाध्यात्मक परिस्थिति जनाउँदै व्यवस्थापन पक्षले बन्द गरे पछि किसानहरूले पुनः सञ्चालनका लागि आन्दोलन गर्दै आएका छन् ।

हरेक वर्ष उद्योगले करोडौं घाटा बेहोर्दै आएको र उद्योगमा कार्यरत श्रमिक, कर्मचारीलाई न्यूनतम पारिश्रमिक दिन समेत आर्थिक अभाव रहेको भन्दै व्यवस्थापन पक्षले मिल बन्द गर्नु परेको जनाएको छ । २६ वर्ष निरन्तर सञ्चालनमा रहेको मिल बन्द हुँदा सिजनल, रेगुलर र करार गरी ३ सय २५ जना कर्मचारी, मजदुरको रोजगारी गुमेको उखु उत्पादक संघका अध्यक्ष यादवले सुनाए । उनी मिल बचाउ संघर्ष समितिका संयोजक समेत छन् ।

संघको अगुवाइमा केही दिनअघि सदरमुकाम गौरमा हातमा उखुको बोट बोकेर जिल्लाभरिका किसानले जिल्ला प्रशासन पुगेर मिल सञ्चालन र अनधिकृत रूपमा गरिएको टेन्डर रद्दको माग राख्दै ज्ञापनपत्र बुझाएका थिए । मधेश प्रदेशका सांसद कृष्ण यादवले गरुडास्थित चिनी मिल सञ्चालनको लागि कांग्रेस सभापति शेरबहादुर देउवालाई पटक/पटक भेटेर कुरा राखेको बताए । 'हामी अहिले पनि मिल चल्नु पर्छ भन्नेमा छौं,' उनले भने,' किसानको कारणले बन्द भएको होइन । व्यवस्थापनकै कारणले हो । अब सरकारले पनि चाडै सञ्चालनमा ल्याउन पहल थाल्नु पर्छ ।'

बारा, पर्सा र रौतहटका किसानको एक सिजनामा ३० लाख क्विन्टलसम्म उखु क्रसिङ गर्ने मिलको लक्ष्य थियो । तर पछिल्लो १० वर्षयता १५/२० भन्दा कम क्रसिङ गर्न थाले पछि घाटा सुरु भएको मिल व्यवस्थापन पक्षको दाबी छ ।

गत वर्ष मिलको अवस्था बुझ्न संघीय संसद्को श्रम हित उपभोक्ता तथा उद्योग समितिका तत्कालीन सभापति एवम् पूर्व श्रम तथा रोजगार मन्त्री रामेश्वर राय यादवको संयोजकत्वमा सरिताकुमारी गिरी, उमाशंकर अरगरिया लगायतका पदाधिकारी रौतहट आएका थिए ।

# स्वास्थ्य सेवालाई प्रभावकारी बनाइने



**टुडे समाचारदाता**

लहान । स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले स्वास्थ्य सेवा प्रभावकारी बनाउन व्यवस्थित अस्पताल कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताएका छन् ।

सिरहाको लहान-१ मा बिएन्डबी डेन्टल प्लस मल्टिस्पेसियालिटी क्लिनिक प्रालि उद्घाटन गर्दै उनले आफूले स्वास्थ्यमन्त्रीको जिम्मेवारी समालेपछि प्रादेशिक अस्पतालले भोगिरहेका समस्या समाधान गर्न पहल गरेको बताए । उनले भने, "मधेश प्रदेशका आठ वटै जिल्लामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ५० करोड रुपैयाँभन्दा बढीको बजेट यस आर्थिक वर्षमा विनियोजन गरेका छौं । सिरहामा मुस्किलले एक करोड बजेट आउँथ्यो । आगामी आव २०८२/८३ को बजेटमा ७० करोड बजेट विनियोयन भएको छ ।" उनले लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पताललाई सिटी स्क्यान मेसिन र धनगढीमाई नगरपालिकामा रहेको महेन्द्र गेनाई अस्पताललाई प्रसूति सेवा प्रवाह गर्न सिटी स्क्यान मेसिन उपलब्ध गराउन बजेट विनियोजन गरिएको बताए ।

मन्त्री सिंहले सरकारी तथा निजी क्लिनिकको स्तरीय व्यवस्थापन र गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुगमनको पाटो व्यवस्थित बनाउन मन्त्रालयले कार्य गरिरहेको स्पष्ट पारे । उनले स्वास्थ्य क्षेत्रमा गोप्य टेन्डरको प्रक्रिया हटाएर खुला प्रक्रियाबाट टेन्डर गरिने पद्धति अगाडि बढाइएको बताए । १३ किसिमका बिरामीको उपचारका लागि प्रदेशमा ४० करोड रुपैयाँ विभिन्न मन्त्रालयबाट रकमान्तर गरेर पनि बिरामीलाई रकम उपलब्ध गराइएको जनाकारी उनले बताए ।

सो कार्यक्रममा पूर्वराज्यमन्त्री पदमनारायण चौधरी, प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरी, लहान नगर उपप्रमुख रामचलितर महतो, पूर्वनगरप्रमुख मुनि साहलगायतले लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालको जग्गा रजिस्ट्रेसन गराउन प्रदेश सरकारले सकारात्मक भूमिका निर्वाह गरेका थिए ।

# आज प्रदेशसभामा बजेटमाथि छलफल हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाको बैठक आइतबार बस्ने भएको छ ।

आगामी आर्थिक वर्षको बजेटमाथि छलफलका लागि प्रदेशसभाको बैठक आह्वान गरिएको छ ।

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ल्याएको बजेटमाथि छलफल गर्न आइतबार मधेस प्रदेशसभाको बैठक आह्वान गरिएको छ । आइतबार दिउँसो १ बजेका लागि मधेस प्रदेशसभा बैठक बोलाइएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

प्रदेश सरकारका अर्थमन्त्री सुनिलकुमार यादवले असार १ गते बजेट प्रस्तुत गरेपछि असार ११ गते बसेको बैठक स्थगित भएको थियो । मधेश प्रदेश सरकारको आग्रहमा सभामुख रामचन्द्र मण्डलले बैठक अनिश्चितकालका लागि स्थगित गरेपछि विपक्षी दलले आपत्ति जनाएको थियो ।

प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टीलगायतका दलले आगामी बैठक बहिष्कार गर्ने जनाएको थियो ।

विपक्षी दलले सभामुख रामचन्द्र मण्डलले विपक्षीलाई जानकारी नै नदिइ बैठक स्थगित गरेको भन्दै आपत्ति समेत जनाएका थिए । मधेश सरकारले आगामी आर्थिक वर्ष लागि ल्याएको बजेटको सत्तारुढ दलका समेत सांसदहरुले समेत विरोध गरेका छन् । जनमत पार्टीका अध्यक्ष सीके राउतले समेत सो बजेटमा विचौलिया हावी भएको भन्दै विरोध गरेका थिए ।

# बिना अनुगमन र गुणस्तरहीन योजनाको भुक्तानी नदिन निर्देशन



**दिलीप पाण्डे**

रौतहट । रौतहटको ईशनाथ नगरपालिकाकी नगरप्रमुख कौशल्या देवी सिन्हाले आर्थिक वर्ष २०८१/८२ को अन्तिम चौमासिकमा योजनाहरूको भुक्तानी प्रक्रियालाई कडाइका साथ अनुशासित बनाउने उद्देश्यले बिना अनुगमन तथा गुणस्तरहीन कार्यको भुक्तानी नदिन स्पष्ट निर्देशन दिएका छन् ।

नगरप्रमुख सिन्हाले नगरपालिका इन्जिनियर बिराज मिश्रा, लेखा अधिकृत मनोज ठाकुर तथा योजना सम्बन्धित कर्मचारीहरूलाई निर्देशन दिँदै भनिन् योजनाहरूको स्थलगत अनुगमन नगरिकन आवश्यक प्राविधिक मापदण्ड पुरा नगरीकन र पारदर्शिता सुनिश्चित नगरीकन कुनै पनि योजनाको भुक्तानी नगरिनुहोस्। त्रुटिपूर्ण कार्यको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समिति वा सम्बन्धित ठेकेदारले स्वयं लिनुपर्नेछ ।

सोही निर्देशनका आधारमा प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताको नेतृत्वमा प्राविधिक टोलीले विभिन्न वडाहरूमा स्थलगत अनुगमन गरेको छ । अनुगमनका क्रममा टोलीले योजनाको कार्यान्वयन, गुणस्तरीयता, मापदण्डको पालना तथा पारदर्शिताको अवस्था मूल्याङ्कन गरेको जानकारी नगरपालिकाले जनाएको छ ।

मेयर सिन्हाले सार्वजनिक धनको दुरुपयोग रोक्न, जवाफदेहितालाई सुनिश्चित गर्न र पारदर्शी तथा दिगो विकास निर्माणमा नगरपालिका प्रतिवद्ध रहेको स्पष्ट गरे । उनले सबै योजनाहरूमा जनसहभागिता गुणस्तर र परिणाममुखी कार्यान्वयन आवश्यक भएको धारणा पनि व्यक्त गरे ।

# वीरगञ्ज नगर विस्तारमा केडिया समूहको चलखेल

**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्जको आदर्शनगरमा सरकारी जग्गा हत्याउने प्रयत्नमा प्रतिष्ठित केडिया समूह संलग्न भएको जग्गा विवाद चुलिँदै गएको छ । भूमिसुधार तथा मालपोत कार्यालयका कर्मचारी, नापीका पूर्व कर्मचारी र भूमाफिया समूहको मिलेमतोमा तयार गरिएको योजना अनुसार केडिया समूहले २०२९ सालमा नगर विस्तारका लागि अधिग्रहण गरिएको ११ कठ्ठा ६ धुर जग्गामा दाबी प्रस्तुत गर्दै किचलो खडा गरेपछि विवाद चुलिँदै गएको छ ।

प्रदीप केडियाले मालपोत कार्यालय पर्सामा २०८१ साल भदौ ६ गते निवेदन दिएर उक्त जग्गा आफ्नो हजुर आमा रुकमणी देवी केडियाको नाममा रहेको भन्दै हालसाविक र नामसारीको माग गरेका थिए । मालपोतमा गरिएको दावीअनुसार साविक श्रीपुर वडा नं. ९ को कित्ता नं. १४ (ख) र १५ को जग्गा रुकमणी देवीको नाममा श्रेस्ता भेटिएको जनाइएको छ । तर, ती जग्गा नगर विकास समितिले सरकारी प्रयोजनका लागि अधिग्रहण गरी विभिन्न व्यक्तिलाई बिक्री गरिसकेको जगजाहेर छ ।

यसै आधारमा केडिया समूहले अहिले १६ घर परिवार, बैंक, होटल तथा कम्पनीहरूको स्वामित्वमा रहेको प्लटहरूमा कानुनी किचलो खडा गरेर त्यहाँको जग्गामा दाबी प्रस्तुत गरेको हो ।

साविक जग्गाधनीहरुले भाव नदिएपछि नापी कार्यालयका पूर्व कर्मचारी संजय कुमार ठाकुरले केडिया परिवारलाई यो जग्गा "हात पार्न सकिने" प्रस्ताव सहित योजना प्रस्तुत गरेका थिए । प्रदीप केडियाले ठाकुरको सल्लाह अनुसार भाइ संजय केडिया सहित योजनामा अघि बढेको बताइन्छ । उनीहरूले वीरगञ्ज महानगरपालिका वडा नं. ६ बाट नाता प्रमाणित गराएर सामूहिकरूपमा नामसारीको निवेदन दिएको मालपोत कार्यालयका एक कर्मचारीले बनाए ।

नापी कार्यालयले मालपोतको निर्देशनअनुसार फिल्ड सर्जमिन गर्दा संजय ठाकुरका योजना र केडिया समूहको दावीको जग्गामा कुनै खाली ठाउँ नरहेको, सम्पूर्ण जग्गा अन्य व्यक्तिका नाममा भौतिक संरचना बनेको अवस्थामा रहेको प्रतिवेदन पेश गरेको छ ।

यता जग्गा हत्याउने प्रयासमा सरकारी निकायकै कर्मचारीको संलग्नता देखिए पछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत छानबिन थालेको छ । आयोगले २०८१ चैत १० गते मालपोत र नापी कार्यालयलाई स्पष्ट रायसहित कागजात पेस गर्न पत्राचार गरेको छ । नापी कार्यालयले जवाफ दिइसकेको भए पनि मालपोत कार्यालयले अहिलेसम्म जवाफ दिएको छैन ।

पीडित जग्गाधनीहरूका अनुसार, मालपोत कार्यालयले जागिरे प्रकृया अनुसार २१ दिने म्यादी पत्र काटी केडिया समूहको निवेदनका आधारमा प्रमाण माग्नु गलत नियतको प्रतिफल हो । त्यसैलाई आधार बनाएर अदालत जान र बैंकमार्फत दबाब सिर्जना गर्न सक्ने भूमाफियाको योजनामा केडिया परिवार फसिनुले जग्गा विवादलाई चर्चित बनाएको छ ।




भूमिसुधार तथा मालपोत कार्यालयको पत्राचार पछि नापी कार्यालय पर्साले सावीक श्रीपुर वडा नं. ९ कित्ता नं. १४ र कित्ता नं. १५ को जग्गाहरु सिट नम्वर ११३- ०३९० -०८ को कित्ता नम्वरहरु ५४, ५५, ५६, ५७, ५८ , ७०, ४५, ४६, ४७ र सोही सिट नम्वरबाट कित्ता नम्वर १, २, ३, ४, ८, ९, १०, ११ र ७४ सँग कायम रहेको देखिएको भन्दै नापीले राय पेश गरेको छ ।

नापी कार्यालयले तत्कालीन नापी गोश्वराबाट विभिन्न मितिमा आर्दशनगर विस्तारको पल्टहरु स्ववाशी, रैती नम्वरहरु भिडेको भनी प्रमाण संकेत महलमा उल्लेख रहेको फिल्डबुकको प्रतिलिपी, कित्ताहरुको फिल्डबुक, पल्टबुक, फिल्डमा खटिएको सर्जमिन मुचुल्का साविक नक्सा र हालको नक्सा समेत मालपोत कार्यालयलाई पठाएको देखिन्छ ।

नापी कार्यालयल पर्साले नापी अधिकृत बब्लु पाण्डेको नेतृत्वमा सर्वेक्षक राम प्रमोद राउत, संजय झा, र मोहन रायसहितको ४ सदस्यीय टोली बनाएर जग्गाको यकिन विवरण लिन फिल्ड सर्जमिनमा खटाएको थियो । टोलीमा वीरगञ्ज महानगरपालिका वडा नं ४ र १० का वडा अध्यक्षहरु जगत साह कानू र सुशिल साह कानू, महानगरपालिकाको प्राविधिक, निवेदक प्रदीप केडियाको सहभागिता रहेको थियो ।

उक्त टोलीले स्थलगत सर्जमिन गर्दा केडिया समूहलाई आफ्नो जग्गा कुन हो ? यकिन गर्न लगाइएको तर प्रदीप केडियाले आफूलाई जग्गाको बारेमा जानकारी नभएकोले नापी र मालपोतले नै यकिन गरी दिन जवाफ दिएका थिए । टोलीले निवेदकलाई समेत आफ्नो जग्गाको बारेमा जानकारी नभएको, नक्सामा उल्लेखित क्षेत्रफलमा खाली जग्गा नदेखिएको र सम्पूर्ण जग्गामा भौतिक संरचना निमार्ण भई मालपोत कार्यालयबाट विभिन्न मितिमा विभिन्न व्यक्ति वा कम्पनीको नाउँमा उक्त जग्गा हकभोग रहेको देखिएको प्रतिवेदन तयार गरेको छ ।

नापी कार्यालयले मालपोत कार्यालयलाई पठाएको जवाफमा केडिया समूहले दावी गरेको जग्गा आर्दशनगर विस्तार समितिले अधिग्रहण गरेको प्लट भित्रको जग्गा रहेको समेत स्पष्ट पारेको छ । नापी कार्यालयको जवाफ पछि मालपोत कार्यालयले उक्त जग्गाको विषयमा कुनै कारबाही गरेको थिएन ।

भूमिसुधार तथा मालपोत कार्यालय पर्साका प्रमुख डमरु निरौलाको सरुवा भएदेखि नै नयाँ खेल शुरु भएको देखिन्छ । निरौलाले सो जग्गामा केडियाको दाबी नपुग्ने देखेपछि अन्य प्रक्रिया अगाडि बढाएका थिएनन् । पछिल्लो चरणमा जग्गाधनीलाई दुःख दिने नियतले मालपोतले काम गरेको पीडित जग्गाधनीको भनाइ छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८